# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ५ अङ्क ३३ पूर्णाङ्क २२३ २०७७ फागुन ३ गते सोमबार Monday, 15 Feb., 2021 पृष्ठ ८ मूल्य रू. १०।–


## नेकपा (क्रान्तिकारी माओवादी) केन्द्रीय सल्लाहकार समिति अध्यक्ष प्रा.डा.ओम गुरूङद्वारा जयबहादुर शाहीको अबिलम्ब रिहाईको माग

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) केन्द्रीय सल्लाहकार समितिका सदस्य दैलेख जिल्ला निवासी जयबहादुर शाहीलाई केपी ओलीको सरकारले गरेको गिरफ्तारी र जेल चलान विरुद्ध उक्त संगठनका केन्द्रीय अध्यक्ष प्रा. डा. ओम गुरुङव्दारा उहाँको सिघ्र रिहाईको माग गर्दै निम्नअनुसार प्रेस वक्तब्य प्रकाशित गरिएको छ :

**प्रेस वक्तब्य**

केपी ओलीको सरकारले नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) केन्द्रीय सल्लाहकार समितिका सदस्य दैलेख जिल्ला निवासी क. जयबहादुर शाहीलाई एकचोटी टुंगिसकेको जनयुद्धकालीन मुद्दा उल्टाएर पुनः गिरफ्तार गरी जेल चलान गरेको घटना प्रति पार्टी केन्द्रीय सल्लाहकार समितिको गम्भीर ध्यानाकर्षण भएको छ । जनयुद्दकालिन राजनीतिक मुद्दालाई सत्य निरूपण तथा मेलमिलाप आयोगमार्फत् टुङ्ग्याउनु पर्नेमा अदालती प्रक्रियामा लगी थुनामा राख्नु कुनैपनि हालतमा न्याय सम्मत हुन सक्दैन । अतः हामी क. जयबहादुर शाहीको अबिलम्ब रिहाईको माग गर्दछौ ।

*प्रा. डा. ओम गुरुङ*
*केन्द्रीय अध्यक्ष*
*नेकपा (क्रान्तिकारी माओवादी), केन्द्रीय सल्लाहकार समिति*

# क्रान्तिकारी माओवादीले देशैभर भव्यरूपमा मनायो २६औं जनयुद्ध दिवस

## जनयुद्धको बत्ति निभेको छैन, क्रान्ति जारी छ : महासचिव किरण



काठमाडौं । २६ औं जनयुद्ध दिवस नेकपा (क्रान्तिकारी माओवादी)ले देशैभर भव्य रूपमा मनाएको छ । सातवटै प्रदेशका विभिन्न जिल्लाहरूमा केन्द्रित र विकेन्द्रित रूपमा विभिन्न कार्यक्रम गरी जनयुद्ध दिवस मनाइएको छ । अधिकांश ठाउँमा युवा मार्चपाससहितको जनसभा गरिएको छ । ३ नं. प्रदेशले काठमाडौंमा, ४ नं. प्रदेशले पोखरामा, १ नं. प्रदेशले विराटनगरमा र ५ नं. प्रदेशले नेपालगञ्ज र भैरहवामा युवा मार्चपास सहितको केन्द्रित जनसभा गरियो भने १ नं प्रदेशको भोजपुर, खोटाङ र ओखलढुंगामा विकेन्द्रित रूपमा कार्यक्रम गरी जनयुद्ध दिवस मनाइयो ।

यता २ नं. प्रदेशमा धनुषा, सिरहा, महोत्तरी र रौतहटमा विकेन्द्रित रूपमा कार्यक्रम गरी जनयुद्ध दिवस मनाइयो । सात नं. प्रदेशका प्रायः सबै जिल्लामा विविध कार्यक्रम गरी जनयुद्ध दिवस मनाइयो भने कर्णाली प्रदेशका सुर्खेत, दैलेख, जाजरकोट, सल्यान लगायतका जिल्लामा कार्टुन प्रदर्शनी सहित कोणसभा गरेर जनयुद्ध दिवस मनाएको समाचार प्राप्त भएको छ ।

काठमाडौंमा पार्टीको ३ नं. प्रदेशले आयोजना गरेको युवा मार्चपास तथा जनसभालाई पार्टी महासचिव मोहन वैद्य किरण, देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सीपी गजुरेल लगायतका नेताहरूले सम्बोधन गर्नु भयो । *बाँकी ७ पेजमा*

## क्रान्तिकारी माओवादी दाङ देउखुरी र प्युठानले मनायो जनयुद्ध दिवस



**❑ ईश्वरी प्रसाद गैरे**

दाङ । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओबादी) दाङ देउखुरी जिल्ला समिति ले २६ औं जनयुद्ध दिबश मनाएको छ । घोराहीको ट्राफिक चोकबाट सुरु गरिएको र्‍यालीले नगर परिक्रमा गरेर तुलसीपुर चोकमा पुगेर सभामा परिणत भएको थियो ।

नेकपा (क्रान्तिकारी माओबादी) का केन्द्रीय सदस्य तथा दाङ देउखुरी जिल्ला इञ्चार्ज समीर के सीले सभालाई सम्बोधन गर्दै २६ जनयुद्धको शुभकामना ब्यक्त गर्दै जनयुद्धका मुख्य नायक खलनायक भएको,मुख्य नेताले धोका दिएको कारणले जनयुद्ध असफल भएको बताउदै अबको बाकी कार्यभार जनताको जनबिद्रोह मार्फत संघिय जनगणतन्त्र नेपाल स्थापना गरेर पूरा गरिने यसका लागि जनता तयार रहन आब्हान गर्नुभयो ।

देशभक्त जनगणतान्त्रिक मोर्चा *बाँकी ७ पेजमा*

## चार कम्युनिष्ट पार्टीहरुको बीच बनेको रणनीतिक संयुक्त मोर्चाको घोषणासभा भब्यताका साथ सम्पन्न



काठमाडौं । माघ २९ गते मोहन बैद्य 'किरण', नेत्रबिक्रम चन्द 'बिप्लव', ऋषि कट्टेल र विश्वभक्त दुलाल 'आहूति' नेतृत्वका चार कम्युनिष्ट पार्टीहरूकोबीच बनेको रणनीतिक संयुक्त मोर्चाको घोषणा सभा नेपाल प्रज्ञा प्रतिष्ठानको *बाँकी ७ पेजमा*

## डबल नेकपाका दुवै गुट नक्कली कम्युनिष्ट हुन् : हरिभक्त कँडेल



**मधुकर थापा**

विराटनगर । नेकपा क्रान्तिकारी माओवादीका स्थायी समिती सदस्य तथा प्रवक्ता हरिभक्त कडेंल "प्रतीक"ले डबल नेकपाका दुबै गुट नक्कली कम्युनिष्ट भएको ठोकुवा गर्नुभयो । बिराटनगरमा भएको २६औं जनयुद्ध दिबसको कार्यक्रमलाई सम्बोधन गर्दै क्रान्तिकारी माओवादीको १नम्बर प्रदेश कमिटीको आयोजनामा भएको उक्त कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्दै प्रबक्ता प्रतिकले जनयुद्धको नाम भजाउने प्रचण्ड र झापा आन्दोलनको नाम भजाउने केपि ओलि दुबै लाल गद्दारहरू प्रतिक्रियावादमा परिणत भएको बताउनु भयो ।त्यसैगरी उहांले बर्तमान संसदीय ब्यवस्था असफल प्रमाणित भएकोले अब जनयुद्धको *बाँकी ७ पेजमा*

## लुम्बिनी प्रदेश क्रान्तिकारी माओवादीमय




**❑ रवि पाण्डेय/टेक मास्की/आयुष न्यौपाने/ईश्वरी प्रसाद गैरे**

बुटवल । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) देशैभर जनयुद्ध दिवस मनाएको छ । सोही क्रममा लुम्बिनी प्रदेशका बिभिन्न स्थानमा दिवस मनाइएको छ ।

सो पार्टीले भैरहवा, नेपालगन्ज, दाङको घोराही, प्युठान, अर्घाखाँची, गुल्मीमा कार्यक्रम गरी मनाएको हो । रूपन्देही,कपिलवस्तु र पश्चिम नवलपरासीको संयुक्त आयोजनामा शनिवार भैरहवामा २६ औं जनयुद्ध दिवस *बाँकी ७ पेजमा*

## जनयुद्धको विकास र विनास : एक टिप्पणी

***जनयुद्धले छुँदै गएको उँचाईको प्रचार नगर्दा उनीहरूका सञ्चार माध्यमहरूमा सूचना नै नहुने स्थिति बनेको थियो । माओवादी विचार र फौजी संघर्षका समाचार ब्रेक गर्ने स्पर्धा चलेको थियो । देशको असी प्रतिशत भूभाग माओवादीको कब्जामा गयो भन्नेकुरा उनीहरूलेसमेत स्वीकार गरेका थिए । पुरानो सत्ता हरेक जिल्लाका सदरमुकामको सैनिक व्यारेक, प्रहरी कार्यालय, जिल्ला प्रशासन आदि कार्यालयहरूमा कैद भइसकेको थियो***



● हिरामणि दुःखी ●

हामी यतिबेला जनयुद्धको २६औं स्थापना दिवसको अबसरमा उभिएका छौं । यतिखेर जनयुद्ध दिवस मनाउनुको अर्थ जनयुद्धको गम्भीर समीक्षा गर्दै अधुरो कार्यलाई अगाडि बढाउन सङ्कल्प गर्नु हो । अन्यथा जनयुद्ध यस्तो उस्तो थियो भनेर त्यसको समझना गर्नु मात्रैको कुनै अर्थ र महत्व रहँदैन । त्यसैले जनयुद्धको विकास र विनास कसरी भयो भन्ने कुराको सामान्य समीक्षा गर्नु यो आलेखको उद्देश्य हो ।

विगत ४६ वर्षसम्मको कम्युनिष्ट आन्दोलनको संश्लेषित रूप थियो महान् जनयुद्ध । यस अघि पनि नेपालमा धेरैपटक क्रान्तिका झिल्काहरू उठ्ने र निभ्ने गरेका थिए । कम्युनिष्ट विचारधाराको सार वर्गसङ्घर्षद्वारा देशमा आमुल परिवर्तन गर्नु हो । वर्गसङ्घर्षकै रूपमा २०२८ सालमा झापाली कम्युस्टिहरूले युद्ध चलाएका थिए । परन्तु त्यो सुझबुझपूर्ण रूपमा सिङ्गो केन्द्रीय तहको पार्टीले सञ्चालन गरेको नभई एउटा जिल्लातहको पार्टीको आयोजनामा गरिएको हुनाले त्यसले देशव्यापी नेतृत्व गर्न नसकेकै कारण सत्ताको शिकार भएर केही दिनमै समाप्त पारियो । *बाँकी ५ पेजमा*

## सम्पादकीय

### दशवर्षे जनयुद्धको जनादेश

१ फागुन, २०७७ मा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी)को नेतृत्वमा सञ्चालित जनयुद्ध २५ वर्ष पूरा गरी २६ बर्षमा प्रवेश गऱ्यो । दशवर्ष लामो समयसम्म चलेको यो जनयुद्धले नेपाली समाजलाई जरैदेखि हल्लायो र उथलपुथलकारी स्थितिका बीच रूपान्तरणको प्रक्रियालाई तीव्र पाऱ्यो । जनयुद्धका पहलकर्तामध्येका एक बरिष्ठ नेता मोहन वैद्य'किरण' जनयुद्धलाई स्मरण गर्नुहुन्छ, "नेपालमा नयाँ जनवादी गणतन्त्रको स्थापना गर्दै वैज्ञानिक समाजवादतर्फ अगाडि बढ्नका लागि भनेर महान जनयुद्धको अभियान छेडियो । यस अवधिमा मजदुर, किसान, महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम लगायतका जनताको विश्वास जित्न सफल भयौं । देशको विशाल भूभागहरूमा आधार-इलाकाहरूको निर्माण गरियो । यस अवधिमा हामीले सात डिभिजन जति जनमुक्ति सेना बनायौं । र, विश्वलाई सगरमाथाको देशबाट क्रान्तिको महान सन्देश दियौं । दशवर्षे जनयुद्ध नेपाली क्रान्तिको लागि मात्रै होइन विश्व क्रान्तिका निम्ति पनि एउटा महान ऐतिहासिक उद्घोष थियो ।" तर जनयुद्ध लडेको पार्टीको मूल नेतृत्वमा आएको दक्षिणपन्थी अवसरवादी तथा संशोधनवादी विचलनका कारण जनयुद्धले गम्भिर धक्का र धोका खान पुग्यो । परिणामतः जनयुद्धका सबै क्रान्तिकारी उपलब्धिहरू गुम्न पुगे । फलतः माओवादी आन्दोलनमा टुट, फुट र विभाजन आयो ।

जनयुद्धको नेतृत्व तहमा रहेका बाबुराम भट्टराई 'माओवादी पार्टी' र 'जनयुद्ध'सँगै सम्बन्ध विच्छेद गरेर मधेसवादी दलभित्र टाउको लुकाउन पुगे भने प्रचण्डले 'माओवादी केन्द्र' नामको पार्टी लगेर एमालेमा विलय गराए । नेकपा (माओवादी) नाम राखेर अलग पार्टी गठन गरेका नेत्रविक्रम चन्द विप्लवले पछि 'माओवादी' हटाएर पार्टीको नाम नेकपा मात्रै राखे यता नेकपा-माओवादी गठन गरेका मोहन वैद्य'किरण'ले भने पछि नेकपा एकीकृतसँग पार्टी एकता गरी पार्टीको नाम 'नेकपा (क्रान्तिकारी माओवादी) राखे । यतिखेरको हकमा 'माओवादी' शब्दावली प्रयोग गर्ने पार्टीहरूमा मोहन वैद्य'किरण'ले नेतृत्व गरेको नेकपा (क्रान्तिकारी माओवादी) नै एकमात्र 'माओवादी' पार्टीको रूपमा रहेको छ । र, यही पार्टीले साँचो अर्थमा आफूलाई झापा विद्रोह र दशवर्षे जनयुद्धको विरासतलाई बोकेर हिडिरहेको छ । यही पार्टीले मुलुकमा नयाँ जनवादी राज्यव्यवस्थामा आधारित संघीय जनगणतन्त्रको मुद्दा अहिले अगाडि सारेको छ र निरन्तर रूपमा सडक संघर्षका रूपमा आफ्ना गतिविधिहरू सञ्चालन गर्दै आएको छ ।

यस पटकको २६ औं जनयुद्ध दिवस क्रान्तिकारी माओवादीले देशैभर विभिन्न कार्यक्रम गरी भव्य रूपमा मनायो । प्रायः धेरैका दर्जनौं स्थानमा युवा मार्चपास सहित भव्य जनसभाहरूको आयोजना गऱ्यो । र, दशवर्षे जनयुद्धको लक्ष्य र उद्देश्य प्राप्त भएको छैन भन्दै नेताहरूले त्यो उद्देश्य प्राप्तिका लागि फेरि जनयुद्ध फरक रूपमा अगाडि बढिरहेको उद्घोष गरे । नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोहको कार्यदिशाबाट नयाँ जनवादी क्रान्तिका कार्यभार पूरा हुने र मुलुक वैज्ञानिक समाजवादको दिशातिर अगाडि बढ्ने पनि क्रान्तिकारी माओवादीका नेताहरूले बताउँदै आएका छन् ।

अर्कोतिर जनयुद्धलाई भजाएर खाने प्रतिस्पर्धा गरिरहेका प्रचण्डहरूले पनि कर्मकाण्डी रूपमा जनयुद्ध दिवस मनाए । यहाँसम्म कि जनयुद्धको प्रखर विरोधीको रूपमा चिनिएका केपी ओलीले समेत जनयुद्ध दिवस मनाउने नौटंकी गरे । संसदीय व्यवस्थाको समूल नष्ट गर्ने उद्देश्यमा आधारित रहेर गरिएको जनयुद्ध दिवस संसदवादीहरूले मनाउनु भनेको जनयुद्धमाथिकै गम्भिर अपमान हो र भद्दा मजाक पनि । संसदवादीहरू आज जनयुद्धलाई विद्रुपीकरण गर्न लागिपरेका छन् । जनयुद्ध र बलिदानको ब्याज खाएर सत्ता र शक्तिमा पुगेकाहरूले आज जनयुद्धलाई नै गाली गर्दै जनयुद्धको विद्रुपीकरण गरिरहेका छन् ।

जनयुद्ध दिवसको २६ औं वर्षगाँठको अवसरमा दक्षिणपन्थी अवसरवादी र संशोधनवादीहरूको भ्रम र षड्यन्त्रबाट मुक्त भई जनयुद्धको घोषित उद्देश्य अनुसार संसदीय व्यस्थाको समूल नष्ट गरी मुलुकमा नयाँ जनवादी राज्य व्यवस्था तथा संघीय जनगणतन्त्रको स्थापना गर्ने संकल्प गर्नु नै जनयुद्ध र बलिदानप्रतिको सच्चा सम्मान हो । तसर्थ, संशोधनवादी तथा अवसरवादीहरूको भ्रमबाट मुक्त होऔं र मुलुकमा संघीय जनगणतन्त्र स्थापनाको दिशामा संघर्ष केन्द्रित गरौं । यो नै अहिलेको ज्वलन्त आवश्यकता हो र दशवर्षे जनयुद्धको जनादेश हो ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैँ हेर्नें र पढ्ने गरौँ ।
www.moolbato.com

# ऐतिहासिक महान् नेपाली जनयुद्धको समिक्षा र शिक्षा


हस्तबहादुर केसी

***सशस्त्र जनयुद्ध शुरु गर्नुभन्दा पहिले सम्पूर्ण तयारी पुरा गरिएको थियो । सर्वप्रथम २०४८ सालमा सम्पन्न एकता महाधिवेशनबाट दीर्घकालीन जनयुद्धको कार्यदिशा पारित गरिएको थियो । २०५१ साल फागुन २–४ सम्म गोर्खामा सम्पन्न माओवादी पार्टीको तेस्रो विस्तारित बैठकले 'नेपाली नयाँ जनवादी क्रान्तिको, राजनीतिक तथा फौजी कार्यदिशा' पारित गरियो । र, नेपाली सशस्त्र संघर्षको स्वरूप, निशाना र प्रेरक शक्तिहरूको किटान गरियो । साम्राज्यवाद र विस्तारवाद एवं घरेलु प्रतिक्रियावादलाई सशस्त्र संघर्षको निशाना किटान गरियो ।***

२०७७ साल फागुन १ गतेबाट महान् तथा ऐतिहासिक नेपाली जनयुद्धले २५ वर्ष पूरा गरेर २६ वर्षमा प्रवेश गरेको छ । २०५२ साल फागुन १ गते नेपालमा सशस्त्र जनयुद्ध शुरु भएको दिन । पच्चीस वर्ष अघि 'विद्रोह जनताको अधिकार हो, प्रतिक्रियावादी राज्यसत्ता अन्त्य गरि नयाँ जनवादी राज्यसत्ता स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौ' भन्ने मूल नाराका साथ नेपालमा राजतन्त्रात्मक राज्यसत्तालाई ध्वंस गरि नयाँ जनवादी राज्यव्यवस्था स्थापना गर्ने उद्देश्यसहित तत्कालीन नेपाल कम्युनिष्ट पार्टी ( माओवादी ) को नेतृत्वमा सशस्त्र जनयुद्ध शुरु भएको थियो । त्यसैले हरेक वर्ष फागुन १ गतेको दिनलाई नेपालका क्रान्तिकारीहरूले ऐतिहासिक जनयुद्ध दिवसका रूपमा मनाउँदै आइरहेका छन् ।

'एक झिल्को आगोले संसार डढाउन सक्छ 'भने झैं सानो शक्तिबाट शुरुवात भएको सशस्त्र जनयुद्धले दिन प्रतिदिन विकास गर्दै दस वर्षमा प्रतिक्रियावादी सत्तालाई चुनौती दिन सफल भएको थियो । यस ऐतिहासिक अबधिमा नेपालको राजनीतिक परिस्थितिमा धेरै परिवर्तन भइसकेको छ । तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी ) को पहलमा २०५२ साल फागुन १ गतेदेखि शुरु गरिएको महान् तथा ऐतिहासिक नेपाली जनयुद्ध कुन प्रकारको युध्द थियो ? त्यो जनयुद्ध कति समयसम्म सञ्चालन गरियो ? त्यस महान् जनयुद्धले किन र कसरी सेडब्याक खान पुग्यो ? त्यस जनयुद्धले नेपाली समाजमा, नेपाली राजनीतिमा के के परिणाम ल्यायो ? यस महान् तथा ऐतिहासिक नेपाली जनयुद्धको द्वन्द्ववादी ढंगले कसरी समिक्षा गर्ने ? यसबाट के के शिक्षाहरू प्राप्त भए त ? यी विषयहरूमा नेपाली जनताको व्यापक चासो र चिन्ता व्याप्त,सर्वत्र फैलिएको छ र जनता जान्न चाहन्छन्, आदि विषयमा यश आलेखमा संश्लेषण गर्ने प्रयत्न गरिनेछ ।

हरेक घटना,परिघटनाहरूलाई हामी मार्क्सवादी-लेनिनवादी-माओवादीहरूले मार्क्सवादी द्वन्द्ववादका आधारमा हेर्ने, बुझ्ने, अध्ययन, विश्लेषण गर्ने र संश्लेषण गर्ने द्वन्द्वात्मक भौतिकवादी पद्धती अप्नाउनु पर्ने हुन्छ र अधिभूतवादी पध्दतिलाई निषेध गर्नु वैज्ञानिक हुन्छ । किनभने हरेक घटना परिघटनाहरू घटित हुनुका पछाडि निश्चित वैज्ञानिक कारणहरू विद्यमान रहेको हुन्छ,यो मालेमावादको सार्वभौम नियम पनि हो ।

जतिबेला महान् अक्टोबर समाजवादी क्रान्तिद्वारा निर्माण गरिएको रुसी मोडलको समाजवाद स्तालिनको मृत्युपछि संशोधनवादले नेतृत्व कब्जा गरी पतन भएको कारण विश्व सर्वहारा वर्ग,आम समाजवादी शिविरमा निराशा छाइरहेको बेला, सोभियत संघको विघटन पश्चात् विश्व साम्राज्यवादी तथा पुँजीवादी स्यालहरूले 'अब मार्क्सवाद पुस्तकालयमा थन्क्याउने भइसक्यो 'हुँइयामा हुँइया गरिरहेको बेला, ल्याटिन अमेरिकी मुलुक पेरुमा सशस्त्र जनयुद्धद्वारा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न अन्तिम अवस्थामा पुगेको बेला पेरुभियाली कम्युनिष्ट पार्टी ( साइनिङपथ) का अध्यक्ष कमरेड गोन्जालोको सन १९९२ मा राजधानी लिमाबाट अमेरिकी पिठ्युँ पेरुभियाली प्रतिक्रियावादी फुजिमोरी सरकारले गिरफ्तार गरेर सैनिक जेलमा कैद गर्यो र त्यस पछि साइनिङपथका दोस्रो,तेस्रो दर्जाका नेताहरू पनि गिरफ्तार परे पछि पेरुमा सञ्चालन भइरहेको सशस्त्र जनयुद्धले सेडब्याक खान गएपछि विश्वस्तरमा आम क्रान्तिकारी, मुक्तिकामी जनसमुदायमा निराशा छाइरहेको बेला र नेपाली कम्युनिष्ट आन्दोलनमा दक्षिणपन्थी संशोधनवादको दलदलमा फसेर नेपाली क्रान्तिलाई दिग्भ्रमित पारिरहेको बेला २०५२ साल फागुन १ गते तत्कालीन नेपाल कम्युनिष्ट पार्टी ( माओवादी ) को पहलमा रोल्पा जिल्लाको होलेरी प्रहरी चौकी, रुकुम जिल्लाको राडीज्यूला प्रहरी चौकी, सिन्धुली जिल्लाको सिन्धुली गढी प्रहरी चौकी र गोर्खा जिल्लाको कृषि विकास बैंकको साना किसान बैंक समेतको एउटै समयमा भौतिक आक्रमण गरेर सशस्त्र जनयुद्धको थालनी गरिएको थियो । यो सिंगो नेपाली कम्युनिष्ट आन्दोलन र विश्व कम्युनिष्ट आन्दोलन मै एक ऐतिहासिक सशस्त्र जनयुद्ध शुरु गरिएको थियो । यस कदमले नेपाली सर्वहारा वर्ग, आम नेपाली मुक्तिकामी जनसमुदाय र विश्व सर्वहारा वर्ग र आम जनसमुदाय उत्साहित हुन पुगेको थियो भने देशीविदेशी प्रतिक्रियावादी शक्ति एवं साम्राज्यवादी शक्तिहरूको मुटुमा ढ्याङ्ग्रो ठोक्न पुगेको थियो ।

सशस्त्र जनयुद्ध शुरु गर्नुभन्दा पहिले सम्पूर्ण तयारी पुरा गरिएको थियो । सर्वप्रथम २०४८ सालमा सम्पन्न एकता महाधिवेशनबाट दीर्घकालीन जनयुद्धको



कार्यदिशा पारित गरिएको थियो । २०५१ साल फागुन २-४ सम्म गोर्खामा सम्पन्न माओवादी पार्टीको तेस्रो विस्तारित बैठकले 'नेपाली नयाँ जनवादी क्रान्तिको, राजनीतिक तथा फौजी कार्यदिशा' पारित गरियो । र, नेपाली सशस्त्र संघर्षको स्वरूप, निशाना र प्रेरक शक्तिहरूको किटान गरियो । साम्राज्यवाद र विस्तारवाद एवं घरेलु प्रतिक्रियावादलाई सशस्त्र संघर्षको निशाना किटान गरियो ।

नेपाली सशस्त्र संघर्षका प्रेरक शक्तिका रूपमा सर्वहारा वर्ग, खेती मजदुर,मध्यम किसान वर्ग, धनी किसान वर्ग, निम्न पुँजीपति वर्ग, राष्ट्रिय पुँजीपति वर्गलाई किटान गरिएको थियो र 'नेपाली सशस्त्र संघर्षको रणनीति एवं कार्यनीतिको समस्या बारे 'दस्तावेज पनि पारित गरिएको थियो ।

(नेपाल कम्युनिष्ट पार्टी ( माओवादी ) का ऐतिहासिक दस्तावेजहरू पश्चिम केन्द्रीय कमाण्ड ने. क. पा. ( माओवादी ), २०६३ कार्तिक, पेजा१ ( ११ ।

२०५२ साल फागुन सशस्त्र जनयुद्धको थालनी गर्नुभन्दा पहिले पूर्ण तयारी गर्ने क्रममा तत्कालीन नेकपा ( माओवादी ) को 'पहिलो योजना तर्जुमा गर्न २०५२ असारमा सम्पन्न केन्द्रीय समितिको पूर्ण बैठकले 'ऐतिहासिक जनयुद्धको पहिलो योजना 'नामक दस्तावेज पारित गरिनुका साथै 'जनयुद्धको प्रथम ऐतिहासिक पहलका निम्ति चार तयारीहरू (१) वैचारिक तयारी, (२) संगठनात्मक तयारी, (३) संघर्ष सम्बन्धि ( तयारी ) र (४) प्राविधिक तयारी सम्बन्धि दस्तावेज पारित गरिएको थियो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का ऐतिहासिक दस्तावेजहरू, पश्चिम केन्द्रीय कमाण्ड (नेकपा (माओवादी) २०६३ कार्तिक, पेज १२ - २५ ।

२०५२ साल फागुन १ गतेदेखि सशस्त्र जनयुद्ध शुरु गर्नुभन्दा पहिले २०५२ साल असारमा बसेको माओवादी केन्द्रीय समितिको पूर्ण बैठकमा तत्कालीन १७ सदस्यीय केन्द्रीय समितिका सबै केन्द्रीय नेताहरूले 'क्रान्तिकारी पुरा नहुन्जेल हतियार नबिसाउने 'सहित निम्न ७ ( सात ) प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेर पूर्ण प्रतिबद्धता जाहेर गरिएको थियो, जो यसप्रकार रहेका छन् :

(१) हाम्रो यो योजना क्रान्तिकारी हिंसासम्बन्धी मार्क्सवाद-लेनिनवाद -माओवादका शिक्षामा आधारित हुनेछ । हाम्रो देशको विशिष्टता अनुसार गाउँबाट शहर घेर्ने रणनीतिमा आधारित दीर्घकालीन जनयुद्धका रूपमा अघि बढ्ने यस प्रक्रियाको पहलकदमीको योजना निर्माणका सन्दर्भमा पार्टी एक पटक पुनः माओद्वारा विकास गरिएको सर्वहारा वर्गको सार्वभौम अपराजय मार्क्सवादी सैन्य सिध्दान्तका रूपमा जनयुद्धको सिध्दान्तप्रति अविचल रहने प्रतिज्ञा गर्दछौं ।

(२) जनयुद्धको थालनीको हाम्रो यो योजना 'राज्यसत्ताबाहेक अरु सबै भ्रम हो 'भन्ने मान्यतामा आधारित हुनेछ । जनताका निम्ति राजनीतिक सत्ता कब्जा गर्नु नै सशस्त्र संघर्षको प्रमुख उदे्श्य हो भन्ने कुरामा दृढ रही यश प्रश्नमा देखा पर्ने अर्थवाद, सुधारवाद, अराजकतावाद लगायतका सबै प्रकारका विचलनवादी चिन्तन र प्रवृत्तिका विरुद्ध संघर्ष गर्न पार्टी आफ्नो प्रतिबद्धता जाहेर गर्दछ ।

(३) हाम्रो यो योजना सामन्तवाद र साम्राज्यवादलाई ध्वस्त गरि नयाँ जनवादी क्रान्ति पुरा गर्ने, त्यसको लगत्तै समाजवादी क्रान्तिमा अघि बढ्ने तथा सर्वहारा वर्गको अधिनायकत्व अन्तर्गत क्रान्तिकारी जारी राख्ने सिध्दान्तका आधारमा साँस्कृतिक क्रान्तिहरू चलाउँदै मानव जातिकै स्वर्णिम भविष्य साम्यवादको स्थापनासम्म जाने उद्श्येमा आधारित हुनेछ ।

एक पटक हतियार उठाए पछि त्यसलाई अन्त्यसम्म लैजाने दृढता विना सशस्त्र संघर्षको थालनी गर्नु सर्वहारा वर्ग एवं आम जनताप्रति अपराध हुने कुरामा हामी दृढ छौ । यो संघर्ष जनताको स्थितिमा आंशिक सुधार गर्ने, प्रतिक्रियावादीलाई दवाव दिई सामान्य संझौतामा टुंग्याउने साधन बन्न कदापि दिइनेछैन । यसरी हाम्रो सशस्त्र संघर्ष सबै प्रकारका निम्न पुँजीवादी, संकिर्ण राष्ट्रवादी, धार्मिक, साम्प्रदायिक एवं जातिवादी विभ्रमहरूबाट सम्पूर्ण रूपले मुक्त गरिनेछ ।

(४) हाम्रो यो योजना सर्वहारा अन्तर्राष्ट्रियवादको महान् भावनामा आधारित रहने छ । नेपाली क्रान्ति, सर्वहारा विश्वक्रान्तिको अन्तिम अंग हो र यसले विश्व क्रान्तिको सेवा गर्नेछ । हाम्रो पार्टी यस सन्दर्भमा मार्क्सवाद - लेनिनवाद - माओवादको निर्देशनमा विश्व क्रान्ति अघि बढाउन तथा नयाँ अन्तर्राष्ट्रिय निर्माणको दिशामा अघि बढिरहेको 'क्रान्तिकारी अन्तर्राष्ट्रियवादी आन्दोलन '(रिम) (जसको हाम्रो पार्टी पनि सदस्य छ ) को विकासमा अझ बढी सहयोग पुर्याउने कुरालाई गम्भीरतापूर्वक लिन्छ ।

(५) हाम्रो यो योजना नयाँ जनवादी क्रान्तिकालमा सर्वहारा वर्गको पार्टीको नेतृत्वमा क्रान्तिकारी संयुक्त मोर्चा र क्रान्तिकारी सेना निर्माणको सैध्दान्तिक मान्यतामा आधारित रहनेछ । अन्तर्विरोधको नियमको सार्वभौमिकता अनुसार पार्टी भित्री संघर्षलाई द्वन्द्वात्मक ढंगले ग्रहण र त्यसलाई सञ्चालन गर्नु र पार्टीलाई त्यसरी सजीव राखी हरक्षेत्रमा त्यसको नेतृत्व स्थापित गर्नु, पुरा हृदयले जनताको सेवा गर्न जनतासंग घनिष्ठ सम्बन्ध कायम राख्ने जनदिशाको सिध्दान्तमा अविचल रहने कुरामा पार्टी प्रतिबद्ध छ ।

( ६ ) हाम्रो यो योजना सर्वहारा वर्गको पार्टीको स्वतन्त्र आत्मनिर्णयको अधिकारको मान्यता अनुसार बन्नेछ । पार्टीको नेतृत्वमा सामन्तवाद र साम्राज्यवाद विरोधी सबै तह र तप्काका जनसमुदायलाई गोलबन्द गर्दै सशस्त्र संघर्ष सञ्चालन गरिनेछ । कृषि क्रान्तिलाई मेरुदण्ड मानी हाम्रो सशस्त्र संघर्ष श्रमजीवी जनसमुदाय मुख्यतः गरिब किसानहरू माथि भर परेर चल्नेछ । कहिल्यै र कुनै पनि हालतमा पार्टी देशी एवं प्रतिक्रियावादी गुटहरूको दवाव, धम्की र प्रोलोभनमा पर्ने छैन ।

(७) युध्दका आफ्नै नियम अनुसार त्यो सरल रेखामा होइन जटिल बक्र रेखामा अघि बढ्नेछ । लेनिनको 'क्रान्ति आफैंले आफ्नो विकास क्रममा सँधै नै असाधारण जटिल परिस्थिति सिर्जना गर्दछ 'भन्ने कुराको महत्वलाई आत्मसात गरेर जान जरुरी छ । जीत र हार, उपलब्धि र क्षतिका चक्रहरू पार गरेर नै जनयुद्ध विजयी बन्नेछ । खराब कुरालाई असल कुरामा रूपान्तरण गर्ने अन्तर्विरोधको नियमलाई ठिक ढंगले पकडेर नै हामीले जनयुद्धको नेतृत्व गर्न सक्ने छौ ।

नेपाल कम्युनिष्ट पार्टी ( माओवादी ) का ऐतिहासिक दस्तावेजहरू, पश्चिम केन्द्रीय कमाण्ड नेकपा ( माओवादी ) २०६३ कार्तिक, पेज १३ - १४ ।

यसका अतिरिक्त २०५२ साल फागुन १ गतेदेखि सशस्त्र जनयुद्ध शुरु गर्नुभन्दा पहिले तत्कालीन नेकपा ( माओवादी ) ले रुकुममा पर्ने सिस्ने हिमाल र रोल्पामा पर्ने जलजला पहाडलाई बिम्ब बनाएर २०५१ सालमा एक वर्षे 'सिज अभियान 'चलाएको थियो । त्यस अभियानले घर परिवार छोड्ने, एक जिल्लाबाट अर्को जिल्ला आउने जाने अभ्यास गर्ने, व्यक्तिगत स्वार्थ त्यागका लागि अभ्यास गर्ने र अन्य सैध्दान्तिक (वैचारिक स्तरवृद्धि *बाँकी ३ पेजमा*

# जनयुद्ध दिवसमा पोखरामा क्रान्तिकारी माओवादीको रातो मार्चपास सम्पन्न



❑ रामकुमार श्रेष्ठ

पोखरा । नेकपा क्रान्तिकारी माओवादीले जनयुद्ध दिवसको अवसर पारेर पोखरामा रातो मार्चपास गरेको छ। पोखराको अम्मर चोकबाट शुरू भएको मार्चपास पृथ्वी चोकमा पुगेर कोण सभामा परिणत भएको थियो ।

कोण सभालाई सम्बोद्धन गर्दै नेकपा क्रान्तिकारी माओवादीका पोलिटव्युरो सदस्य एवम् गण्डकी प्रदेश ईन्चार्ज चन्द्रहरि सुवेदी अटलले जनयुद्ध दिवसको महत्व बारे चर्चा गर्दै संसारको जुनसुकै परिवर्तन हिंसात्मक आन्दोलनबाट मात्र सम्भव भएको बताए ।

पार्टी प्रदेश सेक्रेटरी केशबहादुर परियारको अध्यक्षतामा भएको कोणसभाको सञ्चालन पार्टी केन्द्रीय सदस्य नारायण अधिकारीको सञ्चालनमा भएको थियो ।

कार्यक्रममा देजमोका केन्द्रिय सदस्य एवम् देजमो गण्डकी प्रदेश अध्यक्ष नेत्र रानाभाट, क्रान्तिकारी युवा लिग केन्द्रीय सदस्य एवम् प्रदेश संयोजक उत्तम थापा, महिला संगठनका केन्द्रीय सदस्य शुशिला थापा, तिलक अधिकारी लगायतले मन्तव्य राखेका थिए ।

# भागीरथी बलात्कार पछिको हत्याको विरोधमा नेकपा (क्रान्तिकारी माओवादी) जाजरकोटद्वारा विरोध कार्यक्रम सम्पन्न




जाजरकोट । नेकपा (क्रान्तिकारी माओवादी) र अनेरास्ववियु क्रान्तिकारीको आयोजनानामा यही माघ २९ गते जाजरकोट जिल्लाको थाप्ले बजारमा भागीरथी बलात्कार पछिको हत्याको विरोधमा कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा नेकपा(क्रान्तिकारी माओवादी) का केन्द्रिय सदस्य तथा जाजरकोट जिल्ला इन्चार्ज दिपक बहादुर शाही, जाजरकोट जिल्लाको पार्टी सचिव राजन, अखिल क्रान्तिकारीका जिल्ला अध्यक्ष दिपक खड्का लगायत विभिन्न जवस प्रतिनिधि र आम जनसमुदायको उपस्थिति रहेको थियो ।

## ऐतिहासिक...

गर्ने, लडाकु मानसिकताको विकास गर्ने, शारीरिक व्यायाम र तालिम गर्ने, फौजी मानसिकताको विकास गर्ने, भूमिगत जीवन शैलीको विकास गर्ने र क्रान्तिकारी जीवन शैलीको विकास गर्ने काममा 'सिज अभियान 'ले सशस्त्र जनयुद्ध शुरु गर्न कोसेढुङ्गाको काम गरेको थियो ।

यसरी राजनीतिक, वैचारिक, सैध्दान्तिक, फौजी, सांगठनिक, संघर्षका सबै तयारीहरू पुरा गरेर मात्र तत्कालीन माओवादीले अति आवश्यक तयारी पुरा गरेर मात्र जनयुद्धको थालनी गरेको थियो ।

तत्कालीन माओवादीले २०५२ साल फागुन १ गतेदेखि थालनी गरेको महान् जनयुद्ध २०६२ सालसम्म गरि दस वर्षसम्म सञ्चालन रहयो । महान् यस दश वर्षे जनयुद्धको त्यस प्रक्रियामा छापामार दस्ता ( जनमिलिसिया हुदै ७-७ वटा डिभिजन सहितको जनमुक्ति सेनाको निर्माण गरियो । ग्रामीण इलाकाहरूमा आधार इलाकाहरू निर्माण गरिए । नयाँ जनसत्ताहरू, जनअदालतहरू, जनकम्युनहरू जनसरकारहरू निर्माण गरेर सञ्चालनमा ल्याइयो । रोल्पा, रुकुम, सिन्धुली र गोर्खा गरि चार जिल्लाबाट शुरु गरिएको सशस्त्र माओवादी जनयुद्धको छोटै अबधिमा देशव्यापी बन्न पुग्यो ।

तत्कालीन नेपाली काँग्रेसको प्रतिक्रियावादी सरकारले तत्कालीन एमालेको सहयोगमा प्रशासनिक दमन मार्फत माओवादी जनयुद्धलाई समाप्त पार्ने उद्श्येले प्रशासनिक दमन चलायो । माओवादी जनयुद्ध प्रभावित जिल्लाहरूमा तत्कालीन नेपाली काँग्रेसको सरकारले रोमियो प्रहरी अपरेसन, किलो सेरा टु प्रहरी अपरेसन, सर्च एण्ड किल प्रहरी अपरेसन जस्ता पुलिस अपरेसनहरू सञ्चालन गरेर स्वयत आतंक सिर्जना गर्यो। जनपद पुलिसले माओवादी जनयुद्धलाई दवाउन नसके पछि सशस्त्र प्रहरी गणको व्यवस्था गरेर सैनिकलाई उपलब्ध गराउदै आएको आधुनिक हात हतियार उपलब्ध गरायो ।

यसरी प्रहरीले पनि माओवादी जनयुद्धलाई दवाउन असफल भए पछि २०५८ साल मंसिर ११ गतेदेखि देशव्यापी रूपमा संकटकालिन अवस्थाको घोषणा गरेर देशव्यापी रूपमा तत्कालीन शाही नेपाली सेना परिचालन गरेको थियो । त्यस पछि युध्द घमासान बन्दै गयो । यसबाट पनि माओवादी जनयुद्धलाई समाप्त पार्न नसके पछि माओवादी नेताहरूको टाउको मूल्य तोकेको थियो ।

तत्कालीन प्रतिक्रियावादी सरकारको दमनकारी रवैयाका कारण माओवादी जनयुद्ध सिध्दिनुको बदला झनै बढेर गयो । २०५८ सालमा नेपाली काँग्रेसको सरकारसँग र २०५९- २०६० सालमा तत्कालीन निरंकुश राजा ज्ञानेन्द्र शाहीको सरकारसित गरि दुई दुई पटक शान्ति वार्ताको थालनी गरिएको थियो । दुबै शान्ति वार्ताका क्रममा तत्कालीन सरकारहरूले माओवादी पार्टीले राखेका जायज मागहरू पुरा गर्न नसके पछि माओवादी पुनः सशस्त्र युध्दमा फर्केको थियो । फलस्वरूप युध्द भीषण भएर अगाडि बढ्यो । सरकारी दमनले माओवादी जनयुद्धलाई समाप्त पार्न सकेन । अमेरिकी साम्राज्यवादले नाइट भिजन हेलिकप्टर समेत पठायो । यता माओवादीले पनि भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादका विरुद्ध सुरुङ्ग युध्दसम्म लड्ने योजना बनायो । सुरुङ्गहरू खन्ने काम समेत भए ।

तर रुकुमको खारामा रहेको तत्कालीन शाही नेपाली सेनासंगको फौजी आक्रमणमा जनमुक्ति सेनाको ठूलो क्षति भयो । त्यस पछि पार्टीको मूल नेतृत्व डरायो । कारण त्यतिबेलादेखि पार्टीको मुख्य नेतृत्व गरेका प्रचण्ड ( बावुराममा वैचारिक विचलन पैदा भइसकेको थियो । त्यस पछि मुख्य नेतृत्वले सशस्त्र जनयुद्धबाट पलायन हुने उपायको खोजी गर्न शुरु गर्यो ।

पहिलो नम्बरमा एमालेसँग लखनउमा वार्ता गर्यो । त्यस पछि २०६२ को असोज - कार्तिकमा पार्टीको चुनवाङ बैठक बस्यो । चुनवाङ बैठकले दस वर्षदेखि सञ्चालन गरिदै आएको सशस्त्र जनयुद्धको कार्यक्रमलाई स्थगित गरेर लोकतान्त्रिक गणतन्त्रको नारा ठोस गर्यो र नेपाली काँग्रेस, एमाले लगायतका सात संसदवादी राजनीतिक दलहरूसित सहकार्य गरेर ज्ञानेन्द्र शाहीले तीन वर्षदेखि लाद्दै न आएको निरंकुशताको अन्त्य गर्ने र विघटित संसदको पुनःस्थापनाको लागि संयुक्त जनआन्दोलनको उठान गर्ने नीति लियो । त्यसैक्रममा रोल्पाको नुवागाउँमा तत्कालीन एमालेका नेताहरू वामदेव गौतम र युवराज ज्ञवाली बीच वार्ता भयो र छ बुदे संझौता समेत गरियो । त्यस पछि ती सात संसदवादी राजनीतिक दलहरू र विद्रोही नेपाल कम्युनिष्ट पार्टी ( माओवादी )का बीचमा भारतको राजधानी नयाँदिल्लीमा १२ बुँदे समझदारी पत्रमा हस्ताक्षर भयो ।

त्यही १२ बुँदे समझदारीको जगमा टेकेर २०६२-२०६३ को १९ दिने ऐतिहासिक संयुक्त जनआन्दोलन सफल भयो । निरंकुश राजा ज्ञानेन्द्र शाहले घुडा टेके र २०६३ बैशाख ११ गते विघटित संसदको पुनःस्थापना भयो । त्यस पछि राजनीतिक परिस्थिति बदलियो । २०६३ बैशाख १२ गते नेपाल कम्युनिष्ट पार्टी ( माओवादी ) ले भूमिगत अवस्थाबाट खुला हुने निर्णय गर्यो । खुला गतिविधिमा आयो ।

२०६३ असार २ तत्कालीन नेपाली काँग्रेसको सरकार र विद्रोही माओवादीका बीचमा गते दस वर्षे जनयुद्धका प्रक्रियामा निर्माण गरिएका पार्टीका आधार इलाकाहरू, नयाँ जनसत्ता, जन अदालतहरू, जनकम्युनहरू र जिल्ला तथा केन्द्रीय जनसरकारहरू खारेज गर्ने ८ बुँदे संझौतामा हस्ताक्षर गरियो ।

२०६३ मंसिर ५ गते तत्कालीन नेपाली काँग्रेसको सरकार र विद्रोही माओवादीका अध्यक्ष प्रचण्डका बीच दस वर्षदेखि सञ्चालन गरिदै आएको सशस्त्र जनयुद्धलाई अन्त्य गर्न बृहत शान्ति संझौतामा हस्ताक्षर गरियो । र, त्यस पछि विद्रोही माओवादीको सहमतिमा २०६३ माघ १ गते अन्तरिम संबिधान जारी गरियो ।

२०६३ माघ १ गते ८४ जना सांसद सहित नेकपा ( माओवादी ) संसद ( सिंहदरबार ) भित्र विधिवत रूपमा प्रवेश गर्यो र २०६३ चैत १८ गते तत्कालीन नेपाली काँग्रेस-एमाले सहितको संयुक्त संसदीय सरकारमा सामेल भयो । यसरी त्यही संसदीय व्यवस्थाका विरुद्ध दस र दस वर्षसम्म सशस्त्र जनयुद्ध सञ्चालन गर्दै आएको नेपाल कम्युनिष्ट पार्टी ( माओवादी ) बहुलवादी संसदीय व्यवस्थालाई स्वीकार गरेर संसदीय व्यवस्था भित्र प्रवेश गर्यो ।

यसैक्रममा २०६४ साल चैत २८ गते सम्पन्न पहिलो संविधानसभा निर्वाचनमा पार्टीको निर्णय बमोजिम भाग लियो । संविधानसभाको माग त माओवादीले जनयुद्ध सञ्चालन गरेकै गरेको थियो । त्यस निर्वाचनमा सबैभन्दा ठूलो दलको रूपमा माओवादी पार्टी संसदमा उपस्थित भयो । ठूलो राजनीतिक दलको हैसियतले माओवादीले प्रचण्डको नेतृत्वमा ९ महिने सरकार पनि चलायो । तत्कालीन प्रधान सेनापति रुक्माङ्गद कटुवालकाण्डका कारण पार्टी कै निर्णयले सरकारबाट ओर्लियो ।

२०६५ मंसिरमा सम्पन्न पार्टीको खरिपाटी राष्ट्रिय भेलादेखि पार्टी भित्र वैचारिक विवाद पैदा भयो । खरिपाटी राष्ट्रिय भेलाले संविधानसभा मार्फत् 'सामन्तवाद तथा साम्राज्यवाद सारतत्व बोकेको जनताको संघीय ( जन संविधान ) 'निर्माण गरेर नेपाली नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने कार्यनीतिक कार्यदिशा पारित गर्यो ।

२०६५ पुस ११ गते तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी ) र नेपाल कम्युनिष्ट पार्टी ( एकता केन्द्र ) बीच पार्टी एकता भयो र पार्टीको नाम 'एकीकृत नेपाल कम्युनिष्ट पार्टी ( माओवादी ) मा परिणत गरियो ।

पार्टी भित्र दुई लाइन संघर्ष चुलिदै गयो । २०६७ मंसिरमा गोर्खा जिल्लाको पालुङटारमा बृहत प्लेनम सम्पन्न भयो । त्यस प्लेनमले पनि 'संविधानसभा मार्फत् सामन्तवाद तथा साम्राज्यवाद विरोधी सारतत्व बोकेको जनताको संघीय जनगणतन्त्रात्मक ( जन संविधान ) संविधान निर्माण गर्न पार्टीले पहलकदमी लिने, यदि देशीविदेशी प्रतिक्रियावादी शक्तिबाट षड्यन्त्र भएमा सशस्त्र जनविद्रोह मार्फत् नेपाली नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने कार्यनीतिक कार्यदिशा पारित गर्यो । डाक्टर बावुराम भट्टराईले भने त्यस निर्णयप्रति असहमति जनाउँदै नोट अफ डिसेन्ट लेख्नु भयो ।

त्यस पछि प्रचण्ड - बावुराम भित्र पैदा भएको नव अवसरवाद मौलाउदै गयो । र प्रचण्ड - बावुराले साम्राज्यवाद तथा विस्तारवादका सामु लमपसार परेर राजनीतिक रूपमा र वर्गीय रूपमा समेत आत्मसमर्पण गर्दै । बावुराम प्रधानमन्त्री भए कै समयमा जनमुक्ति सेनालाई तत्कालीन शाही नेपाली सेना सामु आत्मसमर्पण गर्न बाध्य पारियो र जनमुक्ति सेनालाई प्रतिक्रियावादी सेना भित्र विलय गराइयो । हतियार प्रतिक्रियावादी सत्तालाई बुझाइयो । र प्रचण्ड - बावुरामले आफ्नै हातले २०६९ साल जेठ १४ गते मध्यमा संविधानसभा विघटन गरेर प्रतिक्रियावादी शक्तिलाई बुझाए र २०७० सालमा पश्चगामी तथा प्रतिक्रियावादी संविधान बनाउन मुख्य भूमिका खेलियो । त्यस पछि प्रचण्डको समुह एमाले भित्र विलय हुन पुग्यो भने बावुराम नयाँ शक्ति, काँग्रेस हुदै अहिले मधेसवादी पार्टीमा विलय भएको स्थिति छ ।

अर्कोतिर माओवाद आन्दोलन भित्रका क्रान्तिकारीहरूले २०६९ साल असार २-५ मा सम्पन्न बौद्ध राष्ट्रिय भेला बाट तत्कालीन एमाओवादीबाट विद्रोह गरि पार्टीका वरिष्ठ उपाध्यक्ष कमरेड मोहन वैद्य किरणको नेतृत्वमा नेपाल कम्युनिष्ट पार्टी ( माओवादी पार्टी निर्माण गरियो । पछि नेपाल कम्युनिष्ट पार्टी ( एकीकृत ) का बीच एकता गरे पछि नेपाल कम्युनिष्ट पार्टी ( क्रान्तिकारी माओवादी ) कनाइयो । अहिले नेपाल कम्युनिष्ट पार्टी ( क्रान्तिकारी माओवादी ) ले सशस्त्र जनविद्रोह मार्फत नेपाली नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने कार्यदिशाका साथ क्रान्तिका कामहरूलाई अगाडि बढाइरहेको छ ।

जनयुद्धको सकारात्मक पक्षः

(१) दश वर्षे जनयुद्धको प्रक्रियामा छापामार दस्ता, जनमिलिसिया हुदै ७-७ डिभिजन तहसम्म जनमुक्ति सेनाको निर्माण र परिचालन भयो ।

ग्रामीण इलाकाहरूमा क्रान्तिका आधार इलाकाहरू बन्न पुगे । नयाँ जनसत्ता, जनअदालतहरू, जनकम्युनहरू, जिल्ला तथा केन्द्रीय स्तरसम्म जनसरकारहरूको निर्माण र सञ्चालन हुनु ज्यादै ठूलो उपलब्धि र सकारात्मक पक्ष रहन गयो ।

(२) जनमुक्ति सेनाले ठूला ठूला सैन्य फौजी हमलाहरूमा विजय प्राप्त गरेर प्रतिक्रियावादी सत्तालाई देशव्यापी रूपमा गाउँ गाउँबाट लखेटेर जिल्ला सदरमुकामहरू र राजधानीमा खुम्च्याउनु पर्ने अवस्थामा जुन पुर्याइएको थियो, यो दस वर्षे जनयुद्धको ठूलो उपलब्धि र सकारात्मक पक्ष थियो ।

(३) रोल्पा, रुकुम, सिन्धुली, गोर्खा गरि चार जिल्लाबाट २०५२ फागुन १ गतेबाट शुरु गरिएको जनयुद्धको प्रभाव देश भरी फैलिनु र देशव्यापी रूपमा सबैभन्दा ठूलो पार्टी निर्माण हुनु जनयुद्धको ठूलो उपलब्धि र सकारात्मक पक्ष थियो ।

(४) दस वर्षे जनयुद्धको प्रक्रियामा जसरी लाखौं लाख युवा युवतीहरू, महिला, दलित, जनजातिहरू, मुस्लिम, मधेसीहरू, पिछडिएका क्षेत्रका जनसमुदायहरू जीवनको पर्वाह नै गरि महान् जनयुद्धको तुफानी अभियानमा लामबध्द भए, देश, जनता र क्रान्तिका निम्ति सहिद हुन तयार भए, यो सिंगो नेपाली कम्युनिष्ट आन्दोलन मै एउटा गौरवको विषय हो र जनयुद्धको ठूलो उपलब्धि र सकारात्मक पक्ष हो ।

(५) दस वर्षे जनयुद्धको क्रममा नेपालमा सत्ताधारी वर्गले युगौदेखि पछाडि पारिएका महिला, दलित, जनजाति, मुस्लिम, पिछडिएका क्षेत्र आदिका जनसमुदायका बीचमा व्यापक रूपमा चेतनाको विकास गराउनु, मुख्यतः राजनीतिक, वैचारिक तथा साँस्कृतिक रूपले सचेत र संगठित गर्नु जनयुद्धको ठूलो उपलब्धि र सकारात्मक पक्ष थियो ।

(६) जनयुद्ध कै बलबाट २४० वर्षीय शाहवंशीय सामन्ती राजतन्त्रात्मक व्यवस्थाको अन्त्य गरेर लोकतान्त्रिक गणतन्त्रको स्थापना हुनु जनयुद्धको ठूलो उपलब्धि र सकारात्मक पक्ष हो । किनभने सामन्तवादी राज्य व्यवस्था भन्दा लोकतान्त्रिक गणतन्त्र एक कलम अगाडिको प्रगतिशील व्यवस्था हो ।

***जनयुद्धको नकारात्मक पक्ष र नोक्सानी :***

(१) दश वर्षको जनयुद्धको त्यस अबधिमा पार्टी स्कुल खडा गरेर पार्टीका हजारौं कार्यकर्ताहरू र अब्बल दर्जाका केन्द्रीय नेताहरूलाई स्कुलिङ र तालिम नगाराइनु यो कम्जोर तथा नकारात्मक पक्ष हो । यसले नेता, कार्यकर्ताहरूमा वैचारिक, सैध्दान्तिक स्तर बृध्दि गर्न मा ठूलो नोक्सानी गर्यो । जस्तो कि कार्यकर्ताहरूलाई स्कुलिङ मार्फत मालेमावादका आधारभूत सिध्दान्तहरूले लैस गरेर व्यवहारमा उतारेको भए प्रचण्ड ( बावुरामहरू वैचारिक रूपमा पलायन भएर प्रतिक्रियावादी तत्वहरूमा विलय हुनेक्रममा जनयुद्धबाट आएका त्यति ठूलो संख्यामा कार्यकर्ताहरू संगसंगै जाने थिएनन् ।

विचारविनाका, स्कुलिङविनाका ठूलो संख्यामा कार्यकर्ताहरू हुँदैमा त्यस पार्टीले नै क्रान्तिको नेतृत्व गर्न सक्तैनन् भन्ने नकारात्मक पक्षबाट सकारात्मक पक्षमा शिक्षा दिएको छ दश वर्षे जनयुद्धले शिक्षा दिएको छ ।

(२) पार्टीले पार्टी नेतृत्व केन्द्रीकरण नुहुमा र विचार विकासका नाममा 'प्रचण्डपथ 'पगरी प्रचण्डलाई घुताइदिनु ठूलो सैध्दान्तिक गलती थियो । साथै प्रचण्डपथलाई सैध्दान्तिकीकरण गरेर पार्टीलाई मालेमावादको आधारमा क्रान्तिकारी बनाउनुपर्ने प्रचण्डमाथि 'श्रध्दावाद 'लागू गर्ने गलती गरियो । श्रध्दावाद दार्शनिक फाँटमा पूर्वीय दर्शनको एउटा हाँगा हो । दार्शनिक रूपले रूपले श्रध्दनवादले व्यक्तिका नकारात्मक पक्षलाई छोपी दिन्छ र नकारात्मक पक्षलाई सकारात्मक पक्षमा देखाई दिने गर्दछ । प्रचण्डप्रति लागु गरिएको श्रध्दावादले प्रचण्डमा रहेका नकारात्मक पक्षलाई छोप्ने काम गर्यो र नकारात्मक पक्षलाई बढाई चढाई गरेर प्रस्तुत गरिदियो, जसले प्रचण्डलाई विचारविहिन बनाएर पहिले नै प्रतिक्रियावादी भइसकेको एमालेमा विलय गरायो । यथार्थ यही नै हो । यो नै जनयुद्धको ठूलो नकारात्मक पक्ष हो र यसले नेपाली क्रान्तिलाई ठूलो नोक्सानी पुर्यायो ।

(३) दश वर्षको जनयुद्धको त्यस प्रक्रिया भित्रबाट प्रचण्ड ( बावुराममा लुकेर बसेको चरम अवरवादलाई समयमै चिन्न नसक्नु र चिनिसकेपछि समयमै नियन्त्रणमा ल्याउने र दुधको कराइमा परेको 'झिंगे 'टिपेर फ्याके झै फ्याकेर पार्टीलाई मालेमावादको पथप्रदर्शकमा आधारित रहेर क्रान्तिकारी कनाई राख्न पार्टी भित्रका क्रान्तिकारीहरूको पनि ठूलो कम्जोरी रहेको छ । यसको पनि निश्चितरूपमा समिक्षा गरिनु पर्छ । यो पनि एउटा जनयुद्धको नकारात्मक पक्ष भित्र पर्छ र यसले पनि नेपाली क्रान्तिलाई ठूलो नोक्सानी गर्यो ।

(४) दस वर्षको जनयुद्धको त्यस ऐतिहासिक अबधिमा लाखौंको संख्यामा युवा पंक्ति सामेल भयो । दशौ हजारमा शाहदात प्राप्त गर्ने र देश, जनता र क्रान्तिका लागि जीवन समर्पण गर्ने पनि युवा पंक्ति नै छ ।

तर पार्टी नेतृत्वले स्कुलिङको व्यवस्था गरेर मालेमावादका आधारभूत सिध्दान्तका विषयमा वैज्ञानिक ढंगले प्रशिक्षित गरेर व्यवहारिक नबाएर पैसामुखी, सुविधाभोगी मानसिकता भएका कार्यकर्ता तयार पार्ने, नेताका वरिपरि घुम्ने र राजनीतिक रूपले लम्पट कार्यकर्ता तयार पारेर चरम अववादी नेताहरूको स्वार्थ पूर्ति गरिदिने कार्यकर्ताहरू जुन बनाइयो र अहिले एमाले भित्र विलय पछि पनि व्यक्तिगत स्वार्थका लागि ठूलो युवा शक्ति अवसरवादी नेताहरूको वरिपरि घुमिरहेका छन् । यिनिहरूलाई पनि दस वर्षे जनयुद्धले जन्माएकोले यसले क्रान्तिलाई ठूलो नोक्सानी पुर्याएको छ । यो पनि जनयुद्धको नकारात्मक पक्ष भित्रै पर्दछ ।

(५) पार्टीको मुख्य नेतृत्वले स्कुलिङ गरेर क्रान्तिकारी कार्यकर्ताहरू निर्माण गरेर पार्टीलाई क्रान्तिकारी बनाई राखिरहने कार्यकर्ताहरू बनाउनुपर्नेमा त्यसो नगरी नेताहरूको गुणगानहरूको 'गीत गाउने 'भजनमण्डली कार्यकर्ताहरू अर्थात् नेताहरूको 'भजन गाउने 'कार्यकर्ताहरू, नेताहरूको वरिपरि घुम्ने कार्यकर्ताहरू प्रवृत्ति भएका कार्यकर्ताहरू जो जन्माइएयो, ती कार्यकर्ताहरू प्रचण्डहरूसंगै एमाले भित्र विलय भए र अहिले विभाजनको शिकार भएको बेला पनि उनै जनयुद्धबाट जन्मिएका सूर्य चिन्हका लागि नेताहरूको भजन गाइरहेका छन् । यो जनयुद्धको नकारात्मक पक्ष भित्र पर्दछ । यो पनि नेपाली क्रान्तिका लागि ठूलो नोक्सानी हो ।

(६) दस वर्षे जनयुद्धको सबैभन्दा ठूलो नकारात्मक पक्ष भनेको 'प्रचण्ड प्रवृत्ति 'हो । प्रचण्ड प्रवृत्ति भनेको चरम व्यक्तिवादी अवसरवाद हो । त्यो अवसरवाद कम्युनिष्ट पार्टीको बर्को ओढेर प्रकट हुने गर्दछ र त्यस प्रवृत्तिले कम्युनिष्ट कै खास्टो भित्रबाट आफूलाई क्रान्तिकारी भएको देखाउने गर्दछ । प्रचण्डले पनि कम्युनिष्टको बर्को ओढेर नै आफूलाई नवसंशोधनवादमा परिणत कनाई सके पछि पनि क्रान्तिकारी नै भएकोमा देखाई रहेका छन् । प्रचण्ड प्रवृत्तिको अर्को खतरनाक पक्ष भनेको पार्टी भित्र फरक विचार राख्ने र आलोचना गर्नेहरूलाई अनेक तरिकाले समाप्तै पार्ने प्रवृत्ति हो । यो प्रवृत्ति नेपाली कम्युनिष्ट आन्दोलन भित्रको ज्यादै खतर्नाक प्रवृत्ति हो ।

प्रचण्ड प्रवृत्तिभित्र पर्ने एउटा खतर्नाक प्रवृत्ति के हो भने नेताहरूको वरिपरि घुम्ने, नेताहरूलाई चाकडी र दलाली गर्ने कार्यकर्तालाई क्षमता, योग्यता, योगदान र आवश्यकताका आधारमा नभएर आफूलाई मनपराएको आधारमा संगठनमा, पदोन्नति गर्ने, विशेष जिम्मा दिने हो भने नेताहरूको गलती कम्जोरीहरू औल्याउने, पार्टी भित्र मौलाउन खोजेका गलत प्रवृत्तिहरूको बारेमा आलोचना गर्ने, रूपान्तरण गर्ने सवालमा पार्टी भित्र बहस चलाउन प्रयत्न गर्ने तथा अवसरवादी नेताहरूका ननजिकिने इमानदार तथा क्रान्तिकारी स्प्रिट भएका नेता, कार्यकर्ताहरूलाई पार्टी भित्र उपयुक्त जिम्मेवारी नदिएको भए पनि विभिन्न बहानाबाजी गरेर हटाउदै जाने, जिम्मेवारीबाट बञ्चित गराउने प्रवृत्ति हो । यो प्रवृत्ति व्यक्तिवादी प्रवृत्ति हो । यसखाले प्रवृत्तिले देश, जनता र क्रान्तिलाई नोक्सान गर्दछ । त्यो कुरा प्रचण्ड कै जीवनमा प्रकट भयो ‖ सारम्शमा प्रचण्ड प्रवृत्ति नेपाली कम्युनिष्ट आन्दोलन भित्र रहेको अत्यन्तै खतर्नाक प्रवृत्ति हो । यसले नेपालको वर्तमान माओवादी आन्दोलनलाई पनि नकारात्मक असर पारिरहेको छ ।

अन्त्यमा महान् दस वर्षे जनयुद्धको सकारात्मक पक्ष र नकारात्मक पक्षबाट आजका माओवादी क्रान्तिकारीहरूले आदर्शवादी सिध्दान्त होइन, भौतिकवादी सिध्दान्तलाई अवलम्बन गरेर, अधिभूतवादी पध्दति होइन मार्क्सवादी द्वन्द्ववादी पध्दतिलाई अंगीकार गरेर दस वर्षे जनयुद्धबाट शिक्षा लिएर नेपाली क्रान्तिका कामहरूलाई अगाडि बढनाउन र पार्टी पंक्तिलाई क्रान्तिकारी, अनुशासनबध्द र लडाकु कनाई राख्नु नै महान् दस वर्षे जनयुद्धको २६ आौ वर्ष दिवस मनाउनुको सार्थकता हुनेछ ।

*मिति : १ फागुन २०७७*
*(१३ फेब्रुअरी २०२१)*
*बुढानिलकण्ठ नपा- २, काठमाडौं ।*

# सहिद तथा बेपत्ता योद्धा परिवारहरु चुथ्थो संसदीय व्यवस्थाका लागि बलिदान भएको होइन : दिनेश शर्मा



❑ **अनु निरौला**

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का नेता तथा सहिद तथा वेपत्ता योद्धा परिवार समाजका संयोजक दिनेश शर्मा सागरले यो चुथ्थो संसदीय व्यवस्थाका लागि सहिदहरूले जनयुद्धमा रगत बगाएको होइन र यो व्यवस्थाको समूल नष्ट गरेर नयाँ जनवादी व्यवस्थामा आधारित संघीय जनगणतन्त्रका लागि रगत बगाएको हो भन्दै सहिद परिवारहरूलाई जनयुद्धका सहिदहरूको बलिदानको मूल्यबोध गर्न आग्रह गर्नुभएको छ। २६ औं जनयुद्ध दिवसको अवसरमा पार्टीको ३ नं. प्रदेशको आयोजनामा गरिएको युवा मार्चपासलाई सम्बोधन गर्दै यस्तो बताउनु भएको हो। नेता शर्माले संसदको पुनर्स्थापना तथा संसदको निर्वाचनको पक्षमा लागेर सहिदहरूको बलिदानको अपमान नगर्न पनि सहिद तथा वेपत्ता योद्धा परिवारलाई आग्रह गर्नुभएको छ।

जनयुद्धमाथि भएको धोका र गद्दारीका कारण रक्षात्मक स्थितिमा धकेलिए पनि जनयुद्ध फरक रूपमा फेरि उठ्ने दावी गर्दै नेता शर्माले जनयुद्धको मूल कार्यभारको रूपमा रहेको संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको दिशामा अगाडि बढ्न पनि सहिद तथा वेपत्ता योद्धा परिवारलाई आग्रह गर्नुभयो।

# फेरि जनताको युद्धबिना क्रान्ति सम्भव हुँदैन : रामसिंह श्रीस




❑ **सागर श्रेष्ठ**

काठमाडौं। नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य रामसिंह श्रीसले नयाँ जनवादी क्रान्तिका लागि फेरि जनताको युद्ध हुनुपर्ने बताउनु भएको छ। जनयुद्ध दिवसको अवसरमा आयोजित युवा मार्चपाससहितको सभालाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनु भएको हो।

नयाँ जनवादी क्रान्तिको मुख्य लक्ष्य उद्देश्य राखेर विगतमा दशवर्षसम्म जनयुद्ध सञ्चालित भएको स्मरण गर्दै नेता श्रीसले भन्नुभयो, 'जनयुद्धको उद्देश्य पूरा भएको छैन। मूल नेताहरूबाट धोका र गद्दारी भयो। अब हाम्रो पक्षमा एउटा परिस्थिति तयार हुँदै गएको छ। फेरि जनताको युद्ध बिना नयाँ जनवादी क्रान्ति सम्भव हुँदैन।'

उहाँले पार्टीले अगाडि सारेको नयाँ जनवादी गणतन्त्रमा आधारित संघीय जनगणतन्त्र प्राप्तिका लागि सबै शोषित उत्पीडित वर्ग र समुदाय एकढिक्का भएर संघर्षमा उत्रनुको विकल्प नरहेकोमा जोड दिनु भयो।

# क्रान्तिकारी पत्रकार महासंघको केन्द्रीय समितिको बैठक सम्पन्न

## उपाध्यक्ष पंगेनीको नेतृत्वमा पत्रकार महासंघको निर्वाचनमा सहभागी हुने



काठमाडौं। क्रान्तिकारी पत्रकार महासंघको केन्द्रीय समितिको बैठक काठमाडौंको घट्टेकुलोस्थित इच्छुक प्रतिष्ठानमा माघ ३० गते सम्पन्न भएको छ। संगठनका अध्यक्ष इन्द्र राउतको अध्यक्षता, नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य रामसिंह श्रीसको विशेष उपस्थिति र संगठनका महासचिव रामकुमार श्रेष्ठको सञ्चालनमा सम्पन्न बैठकले लिएका महत्वपूर्ण निर्णयहरू सार्वजनिक जानकारीका लागि अध्यक्ष राउत र महासचिव श्रेष्ठले संयुक्त हस्ताक्षरमा वक्तव्य जारी गर्नुभएको छ।

सम्पन्न बैठकले संगठनको नियमित सम्मेलन जेठ तेस्रो साता गर्ने निर्णय गरेको छ भने नेपाल पत्रकार महासंघको आसन्न निर्वाचनमा संगठनका उपाध्यक्ष नारायण पंगेनीको नेतृत्वमा सहभागिता जनाउने निर्णय गरेको छ। साथै, महासंघको आगामी निर्वाचनमा सहमतीय प्रणाली अपनाउन र मूलतः वैचारिक हिसाबले महासंघलाई समावेशी हुने गरी सबै क्रियाशिल संघ संगठनहरूको प्रतिनिधित्व सुनिश्चित गराउने गरी भूमिका खेल्ने र खेल्न सबै सरोकारवाला संघ संगठनलाई आग्रह गर्ने समेत निर्णय गरेको छ।

आम श्रमजीवी पत्रकार तथा जनपक्षीय मिडिया आन्दोलनमा देखापरेका समस्याको अध्ययन र त्यसको समाधानका लागि आवश्यक छलफल तथा संवादका लागि बैठकले संगठनका सल्लाहकार हिरामणि दुःखीको संयोजकत्वमा एउटा समिति बनाउने निर्णय गरेको छ।

बैठकले महासंघको नयाँ सदस्य छनौट, नवीकरण, निर्वाचन समिति लगायतका विषयमा देखिएका विवादहरूको तत्काल समाधान गर्न र विचार आस्थाको आधारमा विभेद तथा निषेध नगर्न पनि पत्रकार महासंघको सबै तहका नेतृत्वलाई आग्रह गरेको छ।

वक्तव्यमा बैठकले श्रमजीवी ऐन कार्यान्वयन, साना तथा स्वरोजगार मिडियाको सम्बर्द्धन, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरोधी विधेयक तथा कानुनहरूको खारेजी लगायतका विषयलाई लिएर एकल वा संयुक्त संघर्ष सञ्चालन गर्ने निर्णय गरेको उल्लेख गरिएको छ।

बैठकले पौष ५ को प्रधानमन्त्री केपी ओलीको संसद विघटनको कदमलाई प्रतिगामी फासिवादी कदम भएको ठहर गर्दै त्यो समग्र संसदीय व्यवस्था, सत्ता र संविधानको असफसमाधान संसदको पुनर्स्थापना तथा मध्यावधि निर्वाचन जस्ता यथास्थितिवादी विकल्पबाट नहुने र वास्तविक समाधानका लागि संघीय जनगणतन्त्र तथा वैज्ञानिक समाजवादको विकल्प नै सही, वस्तुवादी र क्रान्तिकारी भएको ठहर गरेको छ।

बैठकले संगठनको सम्मेलनमा विमोचन गर्ने गरी संगठनको मुखपत्र प्रकाशन गर्ने निर्णय गरेको छ भने महान सहिद कृष्णसेन इच्छुक र संगठनका काठमाडौं जिल्लाका पूर्व अध्यक्ष तथा बरिष्ठ पत्रकार रामचन्द्र हुमागाईंको नाममा स्मृति पुरस्कार कोष खडा गर्ने निर्णय गरेको छ।

बैठकले २६ औं जनयुद्ध दिवसको अवसरमा सम्पूर्ण श्रमजीवी पत्रकारहरूमा हार्दिक शुभकामना व्यक्त समेत गरिएको छ।

***यस्तो छ वक्तव्यको पूर्णपाठ***

१- बैठकको प्रारम्भमा महान सहिद कृष्णसेन इच्छुक लगायत सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति मुठ्ठि उठाई हार्दिक श्रद्धाञ्जली अर्पण गरियो।

२- बैठकमा पदाधिकारी, प्रदेश संयोजक तथा केन्द्रीय सदस्यहरूले कार्यक्षेत्रको संक्षिप्त रिपोर्ट राख्नुभयो। रिपोर्टको संश्लेषण संगठनका अध्यक्षले गर्नुभयो। विशेष अतिथिले समसामयिक राजनीतिक विषयमा महत्वपूर्ण विचार राख्नुभयो।

३- बैठकले जेठको अन्तिम तेस्रो साता संगठनको नियमित राष्ट्रिय सम्मेलन निर्णय गरेको छ। सम्मेलनलाई लक्षित गरी सांगठानिक अभियान सञ्चालन गर्ने निर्णय गरेको छ। सोका लागि आवश्यक पर्ने विभिन्न उपसमितिहरूको समेत निर्माण गर्ने निर्णय गरेको छ।

४- बैठकले नेपाल पत्रकार महासंघको आसन्न निर्वाचनमा संगठनका उपाध्यक्ष नारायण पंगेनीको नेतृत्वमा सहभागिता जनाउने निर्णय गरेको छ। साथै, महासंघको आगामी निर्वाचनमा सहमतीय प्रणाली अपनाउन र मूलतः वैचारिक हिसाबले महासंघलाई समावेशी हुने गरी सबै क्रियाशिल संघ संगठनहरूको प्रतिनिधित्व सुनिश्चित गराउने गरी भूमिका खेल्ने र खेल्न सबै सरोकारवाला संघ संगठनलाई आग्रह गर्ने समेत निर्णय गरेको छ।

५- आम श्रमजीवी पत्रकार तथा जनपक्षीय मिडिया आन्दोलनमा देखापरेका समस्याको अध्ययन र त्यसको समाधानका लागि आवश्यक छलफल तथा संवादका लागि बैठकले संगठनका सल्लाहकार हिरामणि दुःखीको संयोजकत्वमा एउटा समिति बनाउने निर्णय गरेको छ।

६- बैठकले महासंघको नयाँ सदस्य छनौट, नवीकरण, निर्वाचन समिति लगायतका विषयमा देखिएका विवादहरूको तत्काल समाधान गर्न र विचार आस्थाको आधारमा विभेद तथा निषेध नगर्न पनि पत्रकार महासंघको सबै तहका नेतृत्वलाई आग्रह गरेको छ।

७- बैठकले श्रमजीवी ऐन कार्यान्वयन, साना तथा स्वरोजगार मिडियाको सम्बर्द्धन, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरोधी विधेयक तथा कानुनहरूको खारेजी लगायतका विषयलाई लिएर एकल वा संयुक्त संघर्ष सञ्चालन गर्ने निर्णय गरेको छ।

८- बैठकले पौष ५ को प्रधानमन्त्री केपी ओलीको संसद विघटनको कदमलाई प्रतिगामी फासिवादी कदम भएको ठहर गर्दै त्यो समग्र संसदीय व्यवस्था, सत्ता र संविधानको असफसमाधान संसदको पुनर्स्थापना तथा मध्यावधि निर्वाचन जस्ता यथास्थितिवादी विकल्पबाट नहुने र वास्तविक समाधानका लागि संघीय जनगणतन्त्र तथा वैज्ञानिक समाजवादको विकल्प नै सही, वस्तुवादी र क्रान्तिकारी भएको ठहर गरेको छ।

९. बैठकले संगठनको सम्मेलनमा विमोचन गर्ने गरी संगठनको मुखपत्र प्रकाशन गर्ने निर्णय गरेको छ।

१०- महान सहिद कृष्णसेन इच्छुक र संगठनका काठमाडौं जिल्लाका पूर्व अध्यक्ष तथा बरिष्ठ पत्रकार रामचन्द्र हुमागाईंको नाममा स्मृति पुरस्कार कोष खडा गर्ने बैठकले निर्णय गरेको छ।

११. बैठकले लिएका निर्णयहरू आ-आफ्नो कार्यक्षेत्रमा पूर्णक्षमताका साथ प्रभावकारी कार्यान्वयनका लागि खट्न निर्देशन दिंदै र २६ औं जनयुद्ध दिवसको अवसरमा सम्पूर्ण श्रमजीवी पत्रकारहरूमा हार्दिक शुभकामना व्यक्त गर्दै बैठकका अध्यक्षले बैठकको समापन गर्नुभयो।

*१ फागुन २०७७*

# २६औं महान जनयुद्ध दिवसको अवसरमा जाजरकोट जिल्लाको ठाँटीबजारमा शुभकामना आदानप्रदान तथा कार्टुन प्रदर्शनी कार्यक्रम सम्पन्न



जाजरकोट। छब्बीसौं महान जनयुद्ध दिवसको अवसरमा जाजरकोट जिल्लाको ठाँटीबजारमा सुभकामना आदानप्रदान तथा कार्टुन प्रदर्शनी कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रम संचालन नेकपा(क्रान्तिकारी माओवादी)का जिल्ला सचिव राजनले गरेका थिए। कार्यक्रमको अध्यक्षता देशभक्त जनगणतान्त्रीक मोर्चा नेपालका जाजरकोट जिल्ला अध्यक्ष सिद्धि बहादुर पुन'सुमन'ले गरेका थिए। कार्यक्रमको प्रमुख अतिथि देजमोका कर्णाली प्रदेश अध्यक्ष तथा पार्टी केन्द्रीय सदस्य दिपक बहादुर शाही 'प्रकाशउर्जा'ले गरेका हुन् भने अखिल क्रान्तिकारीका अध्यक्ष दिपक खड्का लगाएत विभिन्न जवसका प्रतिनिसधहरूको आतिथ्यता रहेको उक्त कार्यक्रममा नागरीक समाज, उद्योगी, व्यापारी, बुद्धिजीवी, शिक्षक, कर्मचारी लगाएत विभिन्न राजनीतिक क्षेत्रका महिला पुरुषहरूको बाक्लो उपस्थिति रहेको थियो। कार्यक्रमको उद्घाटन २६ वटा क्याण्डेल बालेर प्रमुख अथितिद्धारा गरिएको हो।

प्रमुख अतिथि दिपक बहादुर शाही'प्रकाशउर्जा'ले उपस्थित सम्पुर्णलाई छब्बीसौं महान जनयुद्ध दिवसको शुभकामना दिदै देश सरकार विहिन र प्रतिपक्ष विहिन रहेको र अवको बैकल्पीक सरकार देशभक्त र कम्युनिष्ट क्रान्तिकारीहरूको सरकार नै हुने कुरा ठोकुवा गरेका छन्। अमेरीकाले आफुलाई सम्पन्न भन्छ त्यो सम्बृद्धि पहिलो र दोश्रो विश्वयुद्धबाट लुटेको सुनचाँदी हिरामोती र मल्टी नेशनल कम्पनीको अतिरिक्त रकम बाहेक अरु कुनै सम्बृद्धिको आधार तयार नगरेको उल्लेख गर्दै पुँजीवादी लोकतान्त्रीक संसदीय व्यवस्था भएका देशहरू असफल भएको बताए। देशमा भईरहेको अन्याय अत्याचार, भ्रष्टाचार, बलात्कार, हत्या आदि अन्त्य गर्न राष्ट्रियता, जनतन्त्र र जनजीवीकाका लागि वर्गसंघर्ष, जनसंघर्ष र प्रतिरोध संघर्षको आँदिवेहरी सृजना गर्दै निरन्तर संघर्षको बाटोमा नेकपा(क्रान्तिकारी माओवादी) अगाडी बढेको कुरा स्पष्ट पारे।

उक्त कार्यक्रममा लामो समय सम्मको कम्युनिष्ट आन्दोलनबाट हाल सम्म पनि विद्यार्थी हक, हित र अधिकार स्थापित गर्न नसकिएको कुरा स्पष्ट पार्दै अखिल क्रान्तिकारीका अध्यक्ष दिपक खड्काले स्वागत मन्तब्य दिएका हुन। कार्यक्रममा वामपन्थी नेता नरबहादुर गिरी 'निशान'ले गंगालाल देखि आज सम्मको कम्युनिष्ट आन्दोलनबाट निर्दिष्ट आम्सीक वाहेक खास उल्लेख्य उपलब्धी लिन नसकिएको कुरा बताए। क्रान्तिकारी पत्रकार दिपबहादुर घर्तिले उक्त कार्यक्रममा शुभकामना दिदै जाजरकोट जिल्लामा मात्र ३६५ जना सहिद र १२ जना विपत्ताको सुचिमा रहेको कुरा ब्यक्त गरेका हुन। सोहि क्रममा योद्धाहरूको बलिदानले केहि उपलब्धीहरू भएका र केहि उपलब्धी लिनका लागि अझै प्रतिवद्ध भएर नयाँ जनवादी क्रान्तिमा लाम बद्ध हुनुपर्ने कुरा बताए।

कार्यक्रममा देशभक्तहरूको जनगणतान्त्रीक सरकार नै आजको वैकल्पीक सरकार हुने कुरा बताउँदै उपस्थित सम्पुर्णलाई हार्दिक धन्यवाद तथा शुभकामना दिर्दै कार्यक्रमका अध्यक्ष सुमनले कार्यक्रम समापन भएको घोषणा गरेका थिए।

# जनयुद्धको विकास र विनास : एक टिप्पणी




यद्धपि त्यो वर्गसङ्घर्षकै झिल्को थियो । २०५२ साल फागुन १ देखि सञ्चालन गरिएको जनयुद्ध भने निश्चित विचारधाराका आधारमा सही नेतृत्वको टीमद्वारा अघि बढाइएको क्रान्तिको डढेलो थियो । यो क्रान्तिको सामान्य झिल्को मात्र थिएन र यो आगोको रूपमा मात्र सीमित पनि थिएन । यसले भयङ्कर डढेलोको रूप लिइसकेको थियो । परन्तु, यो डढेलोले उत्कर्षता प्राप्त गर्दैगर्दा स्वयम् यसका नेतृत्वकर्ताबाटै निभाउने क्रम सुरू भयो र अन्त्यमा विनास नै गरियो ।

जनयुद्ध मालेमावादका आधारमा सञ्चालन गरिएको युद्ध त हुँदै हो, यसका आफ्नै विशेषताहरू पनि थिए । यो राजनीतिक लक्ष्य प्राप्त गर्नका लागि गरिएको फौजी र गैरफौजी दुवै प्रकारको सङ्घर्ष थियो । यो समग्र युद्ध थियो । एकातर्फ फौजी सङ्घर्षका माध्यमबाट ठूलठूला कारबाहीहरू गरिन्थे भने अर्कातर्फ राजनीतिक प्रचारकार्यका शन्तिपूर्ण रूपहरू पनि सँगसँगै गरिएको हुन्थ्यो । त्यही प्रक्रियामा युद्धकै समयमा पनि कहिले एकतर्फी र कहिले सरकार र माओवादी दुवैतर्फबाट युद्धविराम गरेर वार्ताका माध्यमबाट क्रान्तिको उपलब्धीहरूको रक्षा गर्दै शान्तिपूर्ण तवरले निकास खोज्ने प्रयासहरू पनि हुने गर्दथे । फौजी सङ्घर्षको औचित्य पुष्टि गर्न र जनयुद्धमा व्यापक जनसहभागिता जुटाउन यसो गर्नु क्रान्तिको ट्र्याक्टिस (कला) थियो । फौजी र गैरफौजी सङ्घर्षलाई सँगसँगै लैजानु भनेको हिँड्दाखेरी दुबै गोडा चाल्नु जस्तै हो । यो नेपाली जनयुद्धको मौलिक विशेषता थियो ।

जनयुद्धको विकास र त्यसले निर्माण गरेका सत्तालाई अन्तर्राष्ट्रिय जगतलेसमेत् प्रचार गरिरहेको थियो । देशका मिडियाहरू पनि सुरुका दिनहरूमा माओवादी पार्टी र जनयुद्धका विरोधी भएता पनि पछिल्ला दिनहरूमा जनयुद्धको विकासको प्रचार गर्न वाध्य भएका थिए । जनयुद्धले छुँदै गएको उँचाईको प्रचार नगर्दा उनीहरूका सञ्चार माध्यमहरूमा सूचना नै नहुने स्थिति बनेको थियो । माओवादी विचार र फौजी सङ्घर्षका समाचार ब्रेक गर्ने स्पर्धा चलेको थियो । देशको असी प्रतिशत भूभाग माओवादीको कब्जामा गयो भन्नेकुरा उनीहरूलेसमेत् स्वीकार गरेका थिए । पुरानो सत्ता हरेक जिल्लाका सदरमुकामको सैनिक व्यारेक, प्रहरी कार्यालय, जिल्ला प्रशासन आदि कार्यालयहरूमा कैद भइसकेको थियो । गाउँ करिब मुक्त भइसकेको थियो । जनसत्ता निर्वाध रूपमा सञ्चालन भइरहेका थिए । कम्युन, सहकारीहरू गठन भइरहेका थिए । जनमुक्ति सेना सात वटा डिभिजनमा निर्माण भएको र करिब अस्थायी व्यारेकिकरणमा गइरहेको थियो । जनमिलिसियाहरूले गाउँका जनसत्ताको सुरक्षा प्रदान गरिरहेका थिए । जनवादी स्कुलहरू देशव्यापि खुल्दै र आफ्नै बलबुतामा सञ्चालित भइरहेका थिए । जनताको आकर्षण बढ्दै थियो । जनअदालतहरू स्थापना भएर जनतामा जनवादी न्याय सम्पादन गरिरहेका थिए । जनता आफ्ना मुद्दामामिला लिएर जनअदालतमा आउने क्रम यति धेरै भएको थियो कि मुद्दाका चाङहरू लागिरहेका थिए । जनताको विश्वास पुरानो सत्ताप्रति घट्दै र जनसत्ताप्रति बढ्दै गएको थियो । बाटोघाटो, पुलपुलेसा, कुलो, चौतारो, प्रतिक्षालय आदि निर्माण गरेर जनतालाई विकास निर्माणको अनुभूति दिँदै थियो ।

फौजी सङ्घर्षले रक्षा र सन्तुलन पार गरी प्रत्याक्रमणको चरणमा प्रवेश गर्दै थियो । अन्तराष्ट्रिय जगत अब माओवादीको विजय सुनिश्चित छ भन्ने अनुमानमा पुग्दै गएका थिए । संसारभरीका क्रान्तिकारी धाराका कम्युनिष्टहरूमा निकै ठूलो आशा र विश्वासको सञ्चार गरेको थियो । विश्वका माओवादी भाइचार पार्टीका प्रतिनिमण्डल नेपालको अध्ययन भ्रमणमा आइरहेका थिए । ठिक यही अवस्थामा पुगेको बेला माओवादी पार्टीलाई युद्धबाट नभई कथित शान्ति प्रकृयामा ल्याएर जनयुद्ध र माओवादी पार्टी समाप्त पार्ने खेलमा साम्राज्यवादी-विस्तारवादीहरू योजनावद्ध रूपमा लागे । त्यसका निम्ति जनयुद्धका मुख्य सिद्धान्तकारहरूलाई साइड लगाउने र मुख्य नेतृत्वलाई एक्लाएर संसदवादी आहालमा डुवाउने षड्यन्त्र रचियो । त्यही साम्राज्यवादी रणनीति अन्तरगत कमरेड मोन वैद्य, सिपि गजुरेल जो जनयुद्धका मुख्य सिद्धान्तकार थिए उनीहरूलगायत पटना र दिल्लीबाट क्रान्तिकारी धाराका नेताहरूलाई भारतमा गिरफ्तार गरियो ।

यद्यपि नेताहरूको गिरफ्तारी भन्दा पहिले २०५७ सालको दोस्रो राष्ट्रिय सम्मेलनबाट नै बाबुराम भट्टराईमार्फत् जनयुद्धको बाटो मोडन गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधानसभाको एजेण्डा पास गराइयो । त्यसै प्रक्रियामा माओवादीले संविधानसभामार्फत् नयाँ संविधान लेख्ने र राज्यको पुनर्संरचना गरी सङ्घीय गणतन्त्र स्थापना गर्ने प्रस्ताव अघि सारेको थियो । २०६४ चैत्र २८ सम्म आउँदा त्यो प्रस्तावले मूर्त रूप लियो र संविधानसभाको चुनाव पनि सम्पन्न भयो । त्यो समयसम्ममा सेना समायोजन गरेर संविधानको प्रारम्भिक मस्यौदा तयार गर्ने भनिएको कार्यतालिका न त जनयुद्धको मर्म र भावनाअनुरूप नै थियो न त त्यो पूरा भयो । यसले न त जनयुद्धको लक्ष्य र उद्देश्य पूरा हुने न त जनयुद्धबाट प्राप्त उपलब्धीको रक्षा गर्न सक्थ्यो । बरू यी सबै कुरालाई सम्झौतामा लगेर टुङ्ग्याउने र फेरि प्रतिक्रान्तिकै गोलचक्रमा फस्ने काम भयो ।

संविधान भनेको राज्यको मूल कानुन हो । यो कुरामा जनता अनविज्ञ छैनन् । राज्यको मूल कानुन बन्यो भने मात्र त्यो देशको शासनव्यवस्था कसरी सञ्चालन गर्ने, जनताले राज्यबाट पाउने हकअधिकार के कसरी संरक्षित गर्ने र जनताले राज्यप्रति निर्वाह गर्नुपर्ने दायित्व के हुने आदि विषयहरूको निर्क्योल हुन्छ । राज्य सञ्चालनका विधि प्रक्रियाहरू, नीतिनियमहरू, कानुन र न्यायप्रणाली, राज्यशक्तिको बाँडफाँट आदि तमाम विषय संविधानमा उल्लेख हुने कुरा हुन् । संवैधानिक अङ्गहरू के कति राख्ने, सत्ताका मुख्य अङ्गहरूलाई के कस्तो ढाँचा र संरचनामा व्यवस्था गर्ने भन्ने कुरा पनि संविधानले तोक्ने विषयहरू हुन् । यहाँ सत्ताको प्रमुख शक्ति भनेको सुरक्षा निकाय हो । राज्यको सुरक्षा व्यवस्था कस्तो बनाएमा राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकाको पनि सुरक्षा हुन्छ भन्ने कुरा राज्यसत्ता कुन वर्गको हातमा हुन्छ भन्ने कुराले निर्धारण गर्छ ।

संविधानले राज्यसत्ताको निर्धारण गर्छ कि राज्यसत्ताले संविधानको निर्माण गर्छ ? जनतामा यो विषयमा अन्यौलता छरेर संविधानले नै जनतालाई पूर्ण मुक्ति दिन्छ भनियो । जनयुद्धकालमै संविधानसभाको एजेण्डा अगाडि सारेर प्रचण्ड-बाबुरामहरूले पार्टीका नेता कार्यकर्ता हुँदै जनयुद्ध समर्थक जनतामा भ्रम छर्न पुगे । वास्तवमा यो एजेण्डा जनयुद्धको लक्ष्य परिवर्तन (विषयान्तर) गर्ने चोरदुलो थियो । संविधान त जनप्रतिनिधि मार्फत् जनताले लेखेको भने पनि वा शाषकवर्गको नेतृत्व वा राजाको नेतृत्वमा लेखे पनि राज्यव्यवस्था जस्तो छ त्यस्तै लेखिने हो । त्यसैको परिणाम वर्तमानको संविधान हो । जनयुद्धको उद्देश्य त नेपालमा जनवादी गणतन्त्र स्थापना गर्नु थियो । जनवादी गणतन्त्र स्थापना भएपछि बनाइएको संविधानले जनताका हक अधिकारहरूको सुरक्षित गर्ने हो । अहिले त बुर्जुवा गणतन्त्र भएको हुनाले उनीहरूकै हक सुरक्षित गर्ने संविधान बनेको छ । जो कुरा ओली सरकारले प्रमाणित गरेर देखाइसकेको छ ।

आज देशमा विभिन्न जातजाति, धर्म, पेशा, व्यवसाय, सङ्गठन र समुदायका बीचमा द्वन्द्व चलिरहेकै छ । यी सबै द्वन्द्व समाधानको सार भनेको वर्गसङ्घर्ष नै हो । साम्राज्यवादी-विस्तारवादी र घरेलु प्रतिक्रियावादीहरू यी भित्रभित्रै सल्किइरहेको भुसको आगोलाई जातीय, धार्मिक र क्षेत्रीयतावादी प्रकारले पृथक्तावादी हिंसात्मक द्वन्द्व भड्काउने षड्यन्त्र गरिरहेका छन् । २००६ सालदेखि विधिवत् रूपमा राजनीतिक पार्टीहरू सतहमा आएर निरंकुशता र सामन्तवादी राज्यव्यवस्थाका विरुद्धमा संघर्ष सुरु गरेपछि जनताको सहभागिता निकै उत्साहपूर्वक ढङ्गले तीव्र गतिमा होमिएको स्थिति थियो । त्यसयताका छ दसकसम्मका आन्दोलन र युद्धहरूमा जनताले धेरै रगत र पसिना बगाए, आफ्ना सम्पूर्ण अवसरहरू क्रान्तिका निम्ति निस्वार्थभावमा होमिदिए र होम्दै आएका छन् । परन्तु, जनताको यो अमूल्य त्याग र बलिदान तथा श्रम, रगत र पसिनाको मूल्यलाई राजनीतिक पार्टीका शीर्ष नेताहरूले केवल आफ्नो व्यक्तिगत सत्तास्वार्थ, परिवारवाद, नातावाद र कृपावादमा सौदाबाजी गर्दै आएका छन् । फलस्वरूप हरेक क्रान्तिपछि तुरुन्त प्रतिक्रान्ति हुने गरेको छ । क्रान्ति निर्णायक घडीमा पुगेको वेला सम्झौता गर्दै क्रान्तिलाई तुहाउँदै लैजाने कामहरू भएका छन् । यस्ता सम्झौताहरूले क्रान्तिको नभई प्रतिक्रान्तिको सेवा गर्ने गरेका छन् । जसका कारण जनताले फेरि अर्को समयक्रममा अर्को क्रान्तिको झन्डा उठाउनु परेको छ । नेपाली जनताले क्रान्ति-सम्झौता-धोका, फेरि क्रान्ति फेरि सम्झौता फेरि धोकाको गोलचक्करमा फस्नु परिरहेको छ ।

कम्युनिष्ट पार्टी जनवादी केन्द्रीयतामा चल्ने पार्टी हो र हुनुपर्छ । परन्तु युद्धमा विचार र नेतृत्वको केन्द्रीकरण पनि हुन्छ । कम्युनिष्ट पार्टी वैज्ञानिक विचारद्वारा सञ्चालित हुन्छ । विचारको निर्माण उत्पादन सङ्घर्ष, वर्गसङ्घर्ष र अन्तरसङ्घर्षबाट हुन्छ । तथापि मुख्य नेतृत्वको अहम भूमिका हुन्छ । मुख्य नेतृत्वमा सही विचार र त्यस विचारप्रतिको दृढ अडान एवम् इमान्दारिता रहँदा मात्रै क्रान्तिको रथ ठिकसँग अगाडि बढ्छ । जब मुख्य नेतृत्वमा सत्तालिप्सा र सिघ्रविजयको मानसिकता पैदा हुन थाल्छ तब क्रान्ति सम्झौतामा लगेर टुङ्ग्याउने खतरा रहन्छ । जनयुद्धको अवस्था पनि त्यस्तै भयो । मुख्यतः दोस्रो राष्ट्रिय सम्मेलनदेखि नै मुख्य नेतृत्वमा सिघ्र विजयको मानसिकता पलायो र सत्तालिप्साले दिमागमा घर जमाउन सुरु गर्‍यो । प्रचण्डको यो कमजोरी साम्राज्यवादी-विस्तारवादीहरूको कानसम्म पुग्यो । त्यसपछि उनलाई क्रमशः मोहन वैद्यको कित्ताबाट बाबुरामको कित्तामा बदल्ने प्रकृया सुर भयो । चर्चित चुनवाङको बैठकपछि प्रचण्ड पूर्णरूपमा बाबुरामको लोकतान्त्रिक गणतन्त्रको संसोधनवादी बुर्जुवा गणतन्त्रको लाइनमा बदलिए । त्यसैको परिणाम २०६२/०६३ को जनआन्दोलन हुँदै संविधानसभासम्म पुगे र तुलनात्मक रूपमा केही प्रगतिशील संविधान बन्ने अवस्थालाई पनि नियोजित रूपमा प्रचण्ड-बाबुरामकै हातबाट विघटन गराइयो । शान्ति सम्झौतामार्फत् जनयुद्धका सम्पूर्ण उपलब्धीहरू समाप्त पारियो । सेना समायोजनको नाममा अन्त्यमा आएर त्यसलाई पनि समाप्त पारियो । यसरी विजयको नजिक पुगेको जनयुद्धलाई नेतृत्वबाटै समाप्त पारियो ।

विजयको शिखरमा उक्लँदै गरेको जनयुद्धलाई समाप्त पारिनुले दिएको शिक्षालाई यसरी संश्लेषण गर्नु उपयुक्त देखिन्छ ।

- मुख्य नेतृत्वसँगै अन्य नेताहरू र तल्लो तहसम्मका कार्यकर्ताहरू सिद्धान्त एवम् विचारले लैस हुनु जरुरी छ ।
- नेता कार्यकर्ता र क्रमशः सुभेच्छुक जनतासम्ममा आलोचनात्मक चेतना हुनु आवश्यक छ ।
- मुख्य नेताहरूमा विलिदानीभाव हुनु पर्दछ ।
- कम्युनिष्टहरूले सबैभन्दा पहिले आदतको सत्ता भत्काउनु अनिवार्य छ । साथै परिवारलाई राजनीतिकरण गर्न र आफ्नै खुट्टामा उभिन सक्ने बनाउनु पर्दछ ।
- परिस्थितिलाई जवर्जस्त सिघ्र विजयतिर धकेल्ने र अनुकूल छैन भन्ने नाममा क्रान्तिलाई दूरभविश्यको विषय बनाइनु हुँदैन ।
- पार्टीलाई माओको अनुशासनका तीन नियम र आठ ध्यान दिनुपर्ने कुराबाट लैस बनाउने र त्यसप्रति इमान्दार रहनु पर्दछ ।
- पार्टीमा आलोचना-आत्मालोचनाको पद्दतिलाई दह्रोसित लागू गर्नु पर्दछ ।
- पार्टीले नयाँ नीति लिनु पर्ने भयो भने व्यापक जनवाद प्रयोग गरिनु पर्छ ।
- क्रान्तिसँगसँगै सर्वहारा सांस्कृतिक क्रान्तिलाई एकैसाथ चलाइनु पर्दछ ।
- क्रान्तिले उत्कर्षता प्राप्त गर्दासम्म नेतृत्वतहका सबै नेताहरूले आफूलाई सर्वहारा वर्गमा रूपान्तरण गर्नुपर्छ । निजी सम्पत्तीको अन्त्य गर्नुपर्छ ।
- मुख्य नेतृत्वको एउटा हिस्सा संसद र सरकारमा जानु हुँदैन । पार्टी सञ्चालनको मुख्य भूमिकामा रहनु पर्छ । आदि ।

*२१ माघ, २०७७, तुलसीपुर*

# २६औं जनयुद्ध दिवस र बिगतका अनुभूतिहरू



●नारायण अधिकारी 'निष्चल'●

एक दिन एक हुल पुलिसहरू आए । बा रुखको घाँस काट्न नाम्लो र खुर्पा लिएर निस्कनै लाग्नु भएको थियो । बालाई पुलिसहरूले कब्जामा लिइ हाले । त्यसपछि उहाँलाई घर भित्र पस्न पनि दिइएन र बाहिर निस्कन पनि । त्यतिबेला आमा जम्मा बीस दिनको सुत्केरी हुनुहुन्थ्यो । सायद म त्यतिबेला ६ वर्षको हुँदो हुँ । भित्रबाट आमाले बा का कपडा ल्याउनु भो र बाले कपडा फेर्नु भयो । पुलिसले बालाइ लिएर गए । बालाइ त्यसरी नलैजान आमाले रुँदै पुलिसहरूसँग बिन्ती गर्नु भएको पनि मलाई राम्रोसँग थाहा छ । पुलिसहरूले आमा र अरु कसैको कुरा सुनेनन् । उनीहरूले बा लाई लिएर गए । एकदिन बाले गोरखाको भिनाजु(इन्द्र भक्त तिवारी)लाई लिएर आउनु भयो । सायद उहाँ जेलबाट छुटेर आउनु भएको हो । म त्यतिबेला हजुरआमाले भनेको एउटा कुरा संझन्छु- 'छ महिनापछि आउँदापनि भैंसिले पनि चिन्यो' सायद हाम्रो घरमा पालेको भैंसिले लामो समय नदेख्दा पनि चिनेर कराएको हुँदो हो । भैंसि कराएको त मैले पनि सुनेको हुँ । बाले त्यतिबेला सेतो हाफ भेष्ट र लुंगी लगाउनु भएको थियो । पछि थाहा भयो बा २०३९ बैशाख १ गते गिरफ्तार हुनुभएको रहेछ र असोजमा छुट्नु भएको रहेछ । त्यो साल असारमा हाम्रो खेती लगाइदिने काम बुबाको माहिलो मामा चन्द्र खनाल(उहाँ जनयुद्धमा सहिद भइसक्नु भएको छ)को पहलमा बालाई मायाँ गर्ने गाउँले साथिभाइबाट भएको रहेछ । म छ बर्षको बालकलाई सबै कुरा त के थाहा र? बा गिरफ्तार हुनु भएको, मैले चिन्दै नचिनेका मान्छेहरूले खेत रोपिदिएका । इन्द्रभक्त भिनाजुसँग बा घर आउनु भएको । यस्तै यस्तै कुरा मलाई संझना छ । त्यसपछि पनि बालाई वेला मौकामा खोज्दै खोज्दै पुलिसहरू घरमा आइरहन्थे । बा घरमा बस्दै नबस्ने गर्न थाल्नु भयो । फुपू शान्ता र हजुरबाले बारंबार सिकाको कुरा मलाई याद छ- पुलिसहरू आउँछन् बालाइ सोध्छन् । थाहा छैन भन्नु । म त्यसै गर्थें । म मात्र होइन हामी सबै त्यसै गर्थ्यौं । बा घर वरपर नै भए पनि घर आउनु भाछैन भनेर ढांट्थ्यौं । काकालाई हामी सानो बा भन्छौं । एकदिन सानोबाले एउटा पत्रीका ल्याएर पिंढिको भित्तामा टाँस्नु भएको थियो । त्यो पत्रीकामा सिंह दरबारमा बम पड्केको चित्र छापिएको थियो । शान्ता दिदीले जो आए पनि त्यो बम पड्केको फोटो देखाउनु हुन्थ्यो । सायद यो समय २०४३ तिर को हो । यो साल बालाइ पुलिसले खुब खोज्यो तर भेट्टाएन । २०४३ सालमा त म पनि १० वर्षको भएको थिएँ क्यारे । ३ कक्षामा पढ्थें । म माथी ३ वर्ष ठुली दिदी र म मुनि दुइटा भाइ र एउटा बैनी छन । दिदी २०३० सालकि दुइटा भाइ र बैनी क्रमशः २०३६,२०३८ र २०४० सालका हुन् । त्यतिबेला उनीहरूमा के कति राजनीतिक चेतना थियो मलाई थाहा छैन । तर मलाई २०४३ अर्थात १० वर्षको उमेरबाट केहि ज्ञान थियो । २०४५ सालमा बाले २० रोपनी खेत बेच्नु भयो । हामी चितवन बसाइँ झर्ने हल्ला सुरु भयो । ५ कक्षाको जाँच दिएपछि बा ले मलाई चितवन घुमाउन लानु भयो । त्यही बेला हो मैल मोटर, मोटरबाटो,बिजुली बत्ती,ढलानवाला घर,झोलुङ्गे पुल, नारायणी नदी, नारायणी नदीमाथिको पुल, मुग्लिनको पुल आदि देखेको । मोटर चड्दा किन हो कुन्नि मलाई त रमाइलो लागेन । टाउको दुख्यो । रिंगटा लाग्यो । आजकाल पनि मलाई बस लाग्छ । कान्छि आमालाइ हामि सानिआमा भन्छौं। । उहाँले भच्चेकमा पढाउनु हुन्थ्यो । त्यतिबेला शन्तोष भाइ जन्मिसकेको थियो । के कारण हो कुन्नि सानिआमाको सट्टा



बाले केहि महिना भच्चेकमा पढाउनु भएको थियो । म ६ कक्षामा पढ्थें । एकदिन विद्यालयमा ठुलो हुलदंगा भयो । नेबिसंघ भन्नेहरूले अखिलका विद्यार्थीहरूलाई मेसै लगाएर पिटपाट गरेपछी । कुरा बुझ्दा नेबिसंघले झारगामको जंगलमा बिपि स्मृति दिवस मनाइरहँदा अखिलका विद्यार्थीहरूले बिथोलिदिएका रहेछन् त्यही भएर भोलिपल्ट नेबिसँघले बदला लिएको रहेछ । यो घटना बहुदल आउनु भन्दा ६ महिना अगाडिको हो । त्यतिबेला बा घरमा नै हुनुभारहेछ । घरमा बाले कुरा गर्नु भएको मैले सुनें । उहाँले भन्नु भएको थियो 'उता शहरमा अखिल र नेबिसँघ मिलेर पञ्चायत विरुद्ध आन्दोलन गरेका छन ह्याँ चाहिँ आपसमा झगडा गर्‍याछन । यो नमिल्दो कुरा हो ।' ६ महिना पछि त ठ्याक्कै बाले भन्या जस्तै भयो । नेबिसँघ र अखिल मिलेर हाम्रो स्कुलमा पनि हड्ताल सुरु गरे । त्यो बेला सञ्जय र म सात कक्षामा पढ्थ्यौं । हामीपनि जुलुसमा जान्थ्यौं । हाम्रो ठुला बा बिजय प्रसाद अधिकारी स्कुलको हेड्मास्टर हुनुहुन्थ्यो । आन्दोलन सुरु भएपछि हरेक दिन जस्तै त्यो दिन पनि जुलुस निकाल्ने तयारी हुँदै थियो । दश कक्षामा पढ्ने हाम्रो घरमाथिको झगेस्वर अधिकारीले आन्दोलनको नेतृत्व गरिरहनु भएको बेला हेड्सर बिजय सरले झापड हान्नु भयो । पढाइ त त्यो दिनपनि भएन । हाम्रो कुँडारे कान्छादाइ दिपिन्द्रलाई हामीलाई भन्दा धेरै कुरा थाहा हुन्थ्यो तिनताका । सञ्जय र मलाई कान्छादाइले भनेपछि मात्र थाहा हुन्थ्यो । पिटाइ खाएपछि झगेश्वर अंकल फडिन्द्र धितालालाई भेट्न जानु भएछ । फडिन्द्रले आन्दोलन झन चर्काउन निर्देशन दिएछन् । त्यसको ४र५ दिन भित्रै बहुदल आयो । स्कुल छिर्ने ठाउँनेर अर्थात खुसिरामको पशल अगाडि पानी नआउने सिमेन्टले बनाएको धारा थियो । हो त्यही धारामाथी चडेर झगेश्वर अंकलले भाषण गर्नु भयो । उहाँले भाषणमा अरु के के भन्नु भयो कुन्नि तर हामी धेरै विद्यार्थीले सुनेको चाहिँ यस्तो थियो-'मैले केको लागी पिटाइ खाएँ? मैले प्रजातन्त्रको लागी पिटाइ खाएँ' भाषणमा उहाँले यो कुरा धेरै पटक दोहोर्‍याउनु भएको थियो । बहुदल भनेको के होला । तिनताका म यो कुरा बुझ्न सक्दिन थें । मेरो बुझाइमा बहुदल भनेको काँग्रेस होला भन्ने थियो । कम्युनिष्टहरू भन्दा काँग्रेसहरू खुशी थिए र बलिया पनि उनीहरू नै थिए । बहुदल आएपछि झगेश्वर अंकलले १ रूपैयाँ लिएर धेरै जसो विद्यार्थीलाइ नेबिसँघको सदस्यता बाँड्नु भयो । कसैले सिकायो जस्तो त लाग्दैन तर मलाई नेबिसँघको सदस्यता लिन हुन्न भन्ने लाग्यो र मैले लिइन झगेश्वर अंकलले जति कर गर्दा पनि मैले नेबिसँघको सदस्यता लिइन । अब त हाम्रो परिवार कम्युनिष्ट हो भन्ने पूरा ज्ञान भयो । बा पनि टोलि लिएर गाउँगाउँमा आमसभा गर्दै हिंड्न थाल्नु भएको थियो । स्कुलमा मात्र होइन कक्षामा समेत नेबिसँघले हामीलाई डोमिनेट गर्न थालिसकेका थिए । बेञ्चमा सँगै बस्ने साथीहरूसँग समेत मनमुटाव सुरु भयो । केहि साथीहरूसंग त पछि सम्म ३र४ वर्ष सम्म पनि बोलचाल बन्द भयो । नेबिसँघले आफ्नो सदस्यता रसिद खुला बाँड्दथ्यो तर अखिललाई त्यसरी बाँड्न दिंदैनथ्यो । हामीले पनि लुकिलुकी अखिलका सदस्यता रसिद बाँड्न थाल्यौं । यो वर्ष राजनीतिका कुरा धेरै सिकियो र जानियो पनि । बाचस्पती देवकोटा भच्चेकमा भाषण गर्न आए । हाम्रा बा भन्दा पनि ठुला नेता बाचस्पती रहेछन् भन्ने कुरा त्यतिबेला आएर पो थाहा भयो । हाम्रो घर, टोल,स्कुल र भच्चेक एरिया काँग्रेसको गढ क्षेत्र भनेर चिनिन थाल्यो । काँग्रेस र कम्युनिष्ट बिचको दुरी धेरै नै बढेर गयो । झारा पर्म छुट्टाछुट्टै हुन थाले । एकले अर्काको सभा सम्मेलन बिथोल्न प्रतिस्पर्धा हुन थाल्यो । अखिल पक्षधर केहि विद्यार्थीले त स्कुल नै फेर्नुपर्ने परिस्थिति आइपर्‍यो । काँग्रेस र नेबिसँघले स्कुललाइ अखिललाई दुख दिने यातना शिबिरको रूपमा बिकास गर्दै लग्यो । २०४८ सालमा बा संयुक्त जनमोर्चा को उम्मेदवार बनेर गोरखाको निर्वाचन क्षेत्र नं. १ बाट चुनाव लड्नु भयो । १२,९८६ मत प्राप्त गर्न सफल भएपनि झिनो मतको अन्तरमा पराजित हुन पुग्नु भयो । बाले चुनाव हारेपछि हामी चितवन बसाइँ झर्ने कुरा पुरै सेलाएर गयो । यसको कारण छ, कारण के छ भने खेत बेचेको सबै पैसा बाले चुनावमा खर्च गर्नु भएछ । बाको चुनावी खर्च पार्टीले बेहोरेन । सबै खर्च बा आफैंले गर्नुपर्दा बालाइ बेसरी ऋण लाग्यो । त्यसपछि हामी आर्थिक पक्षमा ज्यादै संकटमा पर्दै पर्दै गयौं । म भन्दा माथीकि दिदीको पढाइ पुरा नहुँदै बिबाह भयो । हामीलाई बिधालय भर्ना हुन । कलम,किताब,कापी किन्न साह्रै नै सकस पर्न थाल्यो । जेनतेन २०५० सालमा मैले एसएलसि दिएँ । पास भएँ । २०५१ सालमा गोरखा क्याम्पसमा भर्ना भएँ । गोरखा क्याम्पस अखिलको लाल किल्ला रहेछ । बा,सुरेश वाग्ले,भक्ति लामिछाने,खोप बहादुर कंडेल,जनार्दन ढकाल,भवनाथ अधिकारी,राजेन्द्र ढकाल,भिमसेन पोखेल,संकर घिमिरे,प्रेम ढकाल,महेन्द्र श्रेष्ठ,शिव श्रेष्ठ,हरिश्चन्द्र श्रेष्ठ आदि,उहाँहरू सबै विद्यार्थीले चिनेजानेका पार्टीका नेताहरू हुनुहुन्थ्यो । देशभरिमा माओवादी अखिलले जितेको यो एउटा मात्र क्याम्पस थियो । उतिबेला स्वबियुलाइ बधाई दिन आएका थिए विद्यार्थी नेता हितमान शाक्य । त्यही बेला हो मैले पहिलो पटक हितमान शाक्यको प्रशिक्षण सुनेको । खुसिराम पाख्रीन,मणि थापा,कन्यैहा सिंह परियार,अन्जना गुरुङ,जीवन थापाहरूको सामाना परिवारले पटक पटक साँस्कृतिक कार्यक्रम देखाएको थियो गोरखामा । कौशिला गुरुङ,उदव गुरुङ,सुरेश चन्द्र घिमिरे,गिरिराज लामिछाने,उमा भुजेल,काजी गुरुङ,रमेश थापामगर,छाया रेग्मी विद्यार्थीका मुख्य नेताहरू हुन् । शशस्त्र संघर्ष र शशस्त्र जनबिद्रोहमा के फरक छ ? यस बारेमा हामी घण्टौ बहस गर्दापनि थाक्दैनथ्यौं । गाउँबाट सहर घेर्ने दीर्घकालीन जनयुद्धबारे मेरो १९ वर्षे युवा दिमागले गहिरो गरि मनन गरेको थियो । १ वर्ष अगाडि शंकर घिमिरे गाउँमा आउँदा नै म वाइसीएलमा आवद्ध भइसकेको थिएँ । २०५२ मंसिरमा सुरेश वाग्लेले म पनि पार्टी सदस्य बनेको कुरा सुनाउनु भयो । २०५२ साल कै पुस र माघमा हामीले चेपे-गण्डकी जनसेवा अभियान चलायौं । यो अभियानले पुरै जिल्लालाई जनयुद्ध सुरु गर्न झक्झक्याएको थियो । जनयुद्ध सुरुहुनु भन्दा अगाडि नै युवा नेताहरू कृष्ण धिताल,हरिश्चन्द्र श्रेष्ठहरू गिरफ्तार भइसक्नु भएको थियो । भिमसेन पोखेल,प्रेम ढकाल,शंकर घिमिरेहरूलाइ वारेन्ट जारी भएको थियो । १ वर्ष अगाडि देखी नै तान्द्राङ्गको खुट्टे खेत वर्गसंघर्ष उठिसकेको थियो । अघिल्लो वर्ष नै चुनाव बहिष्कार कार्यक्रम अन्तरगत जौवारी,बगुवा र ताराखसेमा मतपेटिका फ्याँकिएका थिए । यसक्रममा पनि केहि युवाहरू भुमिगत भए । २०५२ फागुन १ गते जनयुद्ध सुरु भएको दिन म चाहिँ आरुघाटमा भएको मशाल जुलुसमा सहभागी थिएँ । मशाल जूलूस पछीको सभालाई भक्ति लामिछानेले संबोधन गर्नु भएको थियो । फागुन ६ गते त उहाँ पनि गिरफ्तारीमा पर्नु भयो । क्याम्पस पढ्दा हाम्रो कोठा गोरखा बजार मुन्तिर बतासेमा थियो । गोरखा बजार क्षेत्रमा हुने सबै कार्यक्रमका योजना हाम्रै कोठामा तय हुन्थे । हामी दिनभर कोठामा बसेर मशाल बनाउँथ्यौं,मट्टीतेल जम्मा पार्थ्यौं । गेरु र फेबिकोल मिसाएर भित्तेलेखनको रंग तयार पार्थ्यौं ं। गोरखा क्याम्पसको भित्तामा वालपेन्टिङ्ग खुबै गरियो । एक महिना प्रत्येक दिन वालपेन्टिङ मात्रै गरियो । चैतबाट मेरो पढाइ छुट्यो । म क्याम्पस जान छोडिदिएँ । पहिलो वर्ष जाँच दिएको थिएँ । दोस्रो वर्ष परिक्षामा सहभागी भइन । त्यसपछि परिक्षा दिने तिथिमिति संधैका लागी छुट्न पुग्यो । फागुन १ बाटै बा भुमिगत भैसक्नु भएको थियो। । यसपछि बर्खा लाग्यो खेतीपातीको सिजन सुरु भयो । त्यो बर्खामा घरै बसेर खेतीपाती लगाएँ, आमा र भाइबहिनीलाई सघाएँ । साउन,भदौ,असोज घाँस काटेर बित्यो । कार्तिक र मंसिर धान थन्क्याउँदैमा बित्यो । २०५३ को पुसमा काठमाडौतिर हान्निएँ । पुस र माघ द्रोणचार्य अधिकारीको महाराजगन्जको कोठामा बिताएँ । द्रोणचार्यको छोरा कृष्णचन्द्र अधिकारी मेरो बालककाल देखी कै साथी हो । उ पनि कोठामा संगै हुन्थ्यो । कोठा भित्रै बसेर दुइ महिना काट्न कुनै गाह्रो भएन । फागुनबाट काठमाडौं कै कांठ क्षेत्रमा पर्ने झोर गाबिसमा भर्खर खोलिएको मोहन माला इङलिस स्कुलको संस्थापक शिक्षक हुन पो पुगेछु । त्यहाँ मैले करिब २ वर्ष अर्थात २०५५ असोज सम्म पढाएँ । उता म काठमाडौंमा टिचर छु यता गोरखाको गाउँमा म लगायत ४७ जनालाई झुट्टा मुद्दा लागेछ । बा माओवादीको भुमिगत कार्यकर्ता भएकै कारण मलाई समेत मुद्दा लागेको कुरा बुझ्न गाह्रो थिएन । तिनताका बा रूपन्देही जिल्लाको सेक्रेटरी हुनुहुन्थ्यो । आमा र मैले सल्लाह गर्‍यौं । बालाई भेट्न बुटवल गयौं । बा आमा र मेरो त्यहीं सल्लाह भयो । अब परिवारका सबै सदस्य क्रमशः भुमिगत हुँदै जाने । ३ जना भाइबहिनीलाई गाउँमै छोडेर आमापनि भुमिगत रूपमा बुटवल बस्न थाल्नु भयो । म पनि २०५५ कै मंसिरबाट भुमिगत भएँ । माहिलो भाइ र कान्छी बैनी १० कक्षामा पढ्थे । कान्छो भाइ उज्वल सायद ५ कक्षामा पढ्थ्यो कि!? त्यसपछि मेरो कार्यक्षेत्र २०५९ जेठसम्म गोरखा र लमजुङ भित्र नै रहेको हो । यो बीचमा मेरो जिम्मेवारी बढिमा इलाका सदस्यसम्म मात्र रहेको थियो । २०५९ जेठबाट कास्की जिल्ला कार्यक्षेत्र भएसंगै म जिल्ला सदस्य पनि हुन पुगें । २०६३ साउनमा म फेरि गोरखा जिल्ला नै कार्यक्षेत्र बनाएर फर्कें । त्यतिबेला पनि जिल्ला सदस्य मै सिमित थिएँ । यो बीचमा गोरखाको अवस्था यस्तो हुन पुगेछ ।

*सहिद संख्याः १८८ जना*  
*बेपत्ता संख्याः २३ जना*  
*घाइते रअपाङ्ग संख्याः २८ जना*  
*दुश्मनले मच्चाएको हत्याकाण्डः ४६ वटा*  
*जेल र हिरासत संख्याः २४९ जना*  
*राज्यको सैनिक क्याम्प माथीको आक्रमण एम्बुस सहित)ः२५ वटा*  
*ठूला किसान संघर्षः ८ वटा*

२०६५ सालको अन्त्यतिर नेकपा(माओवादी) र नारायणकाजी श्रेष्ठको पार्टी बीच एकता भएपछि मलाई पनि राज्य समिति सदस्य बनाइएछ । पालुङटार बिस्तारीत बैठकमा मैले भाग लिएको हुँ । क.मोहन बैध(किरण)को लाइनको पक्षमा डटेर लडिएको हो । बा त झन खरिपाटी भेलाबाटै क. किरणको लाइनमा उभिनु भएको हो । क.मोहन बैध(किरण) र बा को उदेश्य एउटै हो । दुबैको उदेश्य अधुरो क्रान्तिलाई पुरा गर्ने भन्ने हो । २०६९ असारमा क.मोहन बैध(किरण)को नेतृत्वमा नेकपा(माओवादी) पुनर्गठन हुँदा बा केन्द्रिय सदस्य हुनुहुन्थ्यो र म चाहिँ गोरखा जिल्ला सेक्रेटरी थिएँ । राज्य समिति सदस्य पनि थिएँ । २०७० को साउनतिर बा पोलिट्ब्युरो सदस्य हुनुभएको थियो त्यसपछि मृत्यु पर्यन्त उहाँ त्यहि पदमा सिमित रहनु भयो । बाको असामयिक निधन भयो । २०७६ असार २२ मा ६४ वर्षकै उमेरमा उहाँ बित्नु भयो । मेरो ऐले पनि क.मोहन बैध(किरण) ले नेतृत्व गर्नु भएको नेकपा(क्रान्तिकारी माओवादी) मा आवद्धता रहिआएकै अवस्था छ । तितो यथार्थ के छ भने आज गोरखामा जनयुद्धमा सहभागी ठुलो हिस्सा एउटै झमेट्मा दक्षिणपंथी अवसरवादमा पतन भएको छ । दक्षिणपंथी अवसरवादको त्यो हिस्साले बिचौलिया गतिविधिलाइ नै आफ्नो मुख्य पेशा बनाउन पुगेको छ । दक्षिणपंथी अवसरवादको त्यो हिस्सा अन्तरगतका जिल्लाका अधिकाँश नेता र कार्यकर्ताहरू निजि संपत्ती थुपर्न कै निम्ति अनगिन्ती भ्रस्टाचारमा लिप्त छन । जनयुद्धमा क्रान्तिको नेतृत्वको भुमिका खेल्न पुगेको गोरखा जिल्ला आज प्रतिक्रान्तीको नाइके भएको छ । हिजोको क्रान्तिकारीहरूको ठुलो हिस्सा लगातार प्रतिक्रान्तीतिर खुर्मुरिएको छ । तैपनि क्रान्तिकारीको एउटा हिस्साले भने निरन्तर क्रान्तिको झण्डा उठाइरहेको छ । नारायण अधिकारी इन्चार्ज र कृष्ण कट्टेल सेक्रेटरी रहेको नेकपा (क्रान्तिकारी माओवादी)को सिङ्गै जिल्ला पार्टीले अवसरवादका विरुद्ध क्रान्तिको पक्षमा निरन्तर झण्डा उठाइरहेको छ । नेकपाका अध्यक्ष ऋषि कट्टेल जो गोरखा जिल्ला कै हुनुहुन्छ उहाँले पनि जनवादी क्रान्तिको वकालत गरिरहनु भएको छ । गोरखा जेल ब्रेकर कि कमान्डर क.उमा भुजेल,उहाँपनि गोरखा जिल्ला कै हुनुहुन्छ । बिप्लव नेतृत्वको नेकपा पनि गोरखामा शशक्त नै छ । यसरी हेर्दा क्रान्ति पछिको डरलाग्दो प्रतिक्रान्ति र प्रतिक्रान्तिको खरानी भित्र क्रान्ति आगोको बिउ जसरी जिवित रहेको छ । प्रतिक्रान्ती भित्रको आगोको कोइला रूपी क्रान्तिलाई प्रतिक्रान्तिको खरानी हटाएर फेरि एक पटक क्रान्तिको आगो सल्काउन गोरखा जिल्लाले माग गरेको छ । राम्रो मेहनत गर्‍यौं भने क्रान्ति फेरि संभव छ । जनयुद्ध(जिन्दावाद । २६ औं जनयुद्ध दिवस भब्य रूपमा मनाऔं ।

## रणनैतिक...

मोर्चाको निर्माण र त्यसमार्फत् व्यापक जनसङ्घर्षको विकास गर्नुपर्ने जिम्मेवारीबोध तथा विचार, राजनीति र भौतिक शक्तिका दृष्टिले समेत त्यस्तो मोर्चा परिचालन गर्न सक्षम हुनैपर्दछ भन्ने निष्कर्षमा पुऱ्याएको छ ।

उपरोक्त विषयहरूलाई गम्भीरतापूर्वक हृदयंगम गरी रणनैतिक संयुक्त मोर्चाका आधारभूत मान्यता र संरचना निर्धारण गरिएको छ ।

***(ख ) रणनैतिक संयुक्त मोर्चाका मान्यताहरू***

१. यस रणनैतिक संयुक्त मोर्चाको उद्देश्य दलाल तथा प्रतिक्रियावादी संसदीय व्यवस्था र राज्यसत्ताको अन्त्य गरी जनगणतन्त्र/वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्नु हुनेछ । रणनैतिक संयुक्त मोर्चा साम्राज्यवाद र दलाल तथा प्रतिक्रियावादी संसदीय व्यवस्थाको विरुद्धको मोर्चा भएकाले यसले मजदुर, किसान, महिला, दलित, जनजाति, मधेसी, मुस्लिम र मध्यम वर्गको पूर्ण अधिकार तथा राष्ट्रिय स्वाधीनता प्राप्त गर्ने लक्ष्य राख्दछ । मोर्चामा कम्युनिस्टहरूका अलावा वामपन्थी, देशभक्त, सच्चा लोकतन्त्रवादी शक्ति, व्यक्तित्वहरू र मजदुर, किसान, महिला, दलित, जनजाति, मधेसी, मुस्लिम आदि उत्पीडित वर्ग र समुदायका प्रतिनिधिहरू सामेल हुनेछन् ।

२. जनगणतन्त्र/वैज्ञानिक समाजवादको रणनैतिक उद्देश्य पूरा गर्न संक्रमणकालीन राजनीतिक अवस्थामाथि हस्तक्षेपसहित अघि बढ्नु अनिवार्य हुन्छ । न्याय, शान्ति, स्थिरता, स्वाधीनता र समृद्धि दलाल तथा प्रतिक्रियावादी संसदीय व्यवस्थाबाट सम्भव छैन । त्यसैगरी राजनीतिक प्रतिगमन र संकटको समाधान एक वा अर्को प्रकारको प्रतिक्रियावादी संसदीय व्यवस्थाभित्रैबाट गरिने प्रपञ्चबाट पनि सम्भव छैन । त्यसैले संसदीय व्यवस्थाको विकल्प र संकट समाधानको दिशामा अघि बढ्न 'राजनीतिक समीक्षा सभा, वैकल्पिक संयुक्त सरकार र जनगणतन्त्र/वैज्ञानिक समाजवाद स्थापना'को राजनीतिक शृंखला हुँदै अघि बढ्नु आवश्यक छ । यस राजनैतिक शृंखलालाई अघि बढाउन सङ्घर्षकै एक औजारका रूपमा राजनीतिक समीक्षा सभाहरूमार्फत् व्यापक जनताका सरोकारहरूलाई संगठित गर्ने नीति लिइनेछ ।

३. रणनैतिक संयुक्त मोर्चाले रणनैतिक उद्देश्य प्राप्त गर्ने ध्येय पूरा गर्न र तत्कालका देश एवं जनताका समस्याहरू समाधान गर्न राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरूमा निरन्तर जनपरिचालन र सङ्घर्ष गर्नुपर्दछ । साथै कार्यगत एकतामा आधारित गठबन्धनहरू, विभिन्न जनवर्गका न्यायपूर्ण सङ्घर्ष एवं सन्दर्भहरूलाई समेत मोर्चाले नीतिगत तथा व्यावहारिक नेतृत्व दिन निरन्तर लागिपर्नेछ ।

४. रणनैतिक संयुक्त मोर्चा गठनको एउटा मुख्य लक्ष्य कम्युनिस्ट पार्टीहरूबीच ध्रुवीकरण र पार्टी एकता हो । त्यसैले यस रणनैतिक संयुक्त मोर्चामार्फत् पार्टीहरूबीच गरिने सहकार्य र सैद्धान्तिक-व्यावहारिक अन्तरक्रियालाई व्यवस्थित गर्दै पार्टी एकतासम्म पुग्ने प्रयत्नहरूलाई घनिभूत पारिनेछ ।

५. यस मोर्चामा हाल र पछि आबद्ध हुने कम्युनिस्ट पार्टीहरू र अन्य शक्ति एवं व्यक्तित्वहरू मोर्चाको मान्यतासँग नबाझिने गरी आफ्नो कार्यदिशाअनुरूप अभिव्यक्ति र गतिविधि गर्न स्वतन्त्र रहने छन् । साथै उनीहरूले आफ्ना त्यस्ता गतिविधिहरू मोर्चामा अवगत गराउनु आफ्नो दायित्व ठान्ने छन् ।

*(ग) रणनैतिक संयुक्त मोर्चाको संरचना*

१. रणनैतिक संयुक्त मोर्चा एउटा मोर्चा संगठनको रूपमा गठन हुनेछ । यो केन्द्र, प्रदेश, जिल्ला र आवश्यकतानुसार स्थानीय तहसम्म गठन गर्न सकिनेछ । केन्द्र र प्रदेश समितिमा हाललाई १५ जना रहनेछन् भने जिल्ला तहमा ११ सदस्यीय समिति बनाइने छ । मोर्चामा आबद्ध पार्टीहरूबाट समान संख्यामा प्रतिनिधि रहनेछन्, साथै घटकहरूको सहमतिमा थप पार्टी तथा स्वतन्त्र व्यक्तित्वहरू सामेल गर्दै जाने नीति लिइनेछ । प्रत्येक समितिमा एक अध्यक्ष र एक सचिव पदाधिकारी रहने छन् । पदाधिकारीहरू सहमतिमा छ/छ महिनामा आलोपालो प्रणालीमा परिवर्तन गरिनेछ । मोर्चाका घटकहरूले आफ्नो तर्फबाट प्रतिनिधित्व गराउँदा कम्तिमा एक सदस्य महिला, दलित, जनजाति, मधेसी, मुस्लिम समुदायबाट हुनु अनिवार्य छ । सबै उत्पीडित समुदायबाट प्रतिनिधित्व सुनिश्चित होस् भन्नका लागि घटकहरूबीच समझदारी बनाउनुपर्नेछ ।

२. रणनैतिक संयुक्त मोर्चाको विधान र आचार संहिता विकास गरिनेछ । विधानमार्फत् नै यसको समग्र सञ्चालन विधि वा आवश्यक अन्य विषयहरू टुंगो गरिनेछ ।

*मोहन वैद्य 'किरण'*
*(महासचिव)*
*नेकपा (क्रान्तिकारी माओवादी)*

*विप्लव*
*(महासचिव)*
*नेकपा*

*ऋषिराम कट्टेल*
*(अध्यक्ष)*
*नेपाल कम्युनिस्ट पार्टी*

*आहुति*
*(संयोजक)*
*वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, नेपाल*

*२०७७/१०/२९*

## क्रान्तिकारी...

मार्चपास सहितको जनसभालाई सम्बोधन गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणले भन्नुभयो, "जनयुद्धको बत्ति निभेको छैन, जनयुद्धको झण्डा गिरेको छैन, क्रान्ति जारी छ ।" २६ वटा मशाल बाल्दै महासचिव किरणले यस्तो बताउनु भएको हो ।

उहाँले दशवर्षसम्म सञ्चालित जनयुद्धको स्मरण गर्दै भन्नुभयो, "नेपालमा नयाँ जनवादी गणतन्त्रको स्थापना गर्दै वैज्ञानिक समाजवादतर्फ अगाडि बढ्नका लागि भनेर महान जनयुद्धको अभियान छेडियो । यस अवधिमा मजदुर, किसान, महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम लगायतका जनताको विश्वास जित्न सफल भयौं । देशको विशला भूभागहरूमा आधार इलाकाहरूको निर्माण गरियो । यस अवधिमा हामीले सात डिभिजन जति जनमुक्ति सेना बनायौं । र, विश्वलाई समगरमाथाको देशबाट क्रान्तिको महान सन्देश दियौं । दशवर्षे जनयुद्ध नेपाली क्रान्तिको लागि मात्रै होइन विश्व क्रान्तिका निम्ति पनि एउटा महान ऐतिहासिक उद्घोष थियो । तर दुःखको कुरा पार्टीभित्र पैदा भएको दक्षिणपन्थी अवसरवाद र संशोधनवादले धोका दियो । तसर्थ, हामीले जनयुद्धको लक्ष्य पूरा गर्न सकेनौं । तैपनि गणतन्त्र, धर्मनिरपेक्षता, संघीयता, समानुपातिक समावेशी प्रतिनिधित्व जस्ता आंशिक उपलब्धि पनि जनयुद्धका उपलब्धि हुन् । अहिले तिनलाई पनि ध्वस्त पार्ने षड्यन्त्र भइरहेको छ । संसद विघटनसम्म आउँदा संसदीय व्यवस्था सम्पूर्ण रूपले असफल भइसकेको छ । मजदुर, किसान कसैका समस्या समाधान भएका छैनन् । महिलाहरू हत्या र बलात्कारका शिकार भइरहेका छन् । जनजातिहरूको नाम मात्रको संघीयता छ । मधेसी मुस्लिम लगायत जनसमुदायका हक अधिकारहरू स्थापित हुन सकिरहेका छैनन् । तसर्थ अब संघीय जनगणतन्त्रको स्थापना गर्दै वैज्ञानिक समाजवादको दिशामा अगाडि बढ्नुको विकल्प छैन । त्यस निम्ति छरिएर रहेका सम्पूर्ण क्रान्तिकारी कम्युनिष्टहरू एकताबद्ध भएर अगाडि बढ्नुपर्छ । जनताको जित निश्चित छ । यही कुराको बोध गर्नुमा नै २६ औ जनयुद्ध दिवसको मुख्य अर्थ र महत्व रहेको छ ।"

त्यसैगरी नेकपा (क्रान्तिकारी माओवादी)का स्थीय समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले नेपालमा फेरि चाँडै जनक्रान्तिको उद्घोष हुने बताउनु भयो । युवा मार्चपास सभालाई सम्बोधन गर्दै अध्यक्ष गजुरेलले जनयुद्ध प्रचण्डहरूले सूर्य चिन्हसँग बिक्री गरी खाएको आरोप लगाउनु भयो ।

संसद विघटन गरेर ओलीले जनताका विरुद्ध ठुलो अपराध गरेका चर्चा गर्दै राष्ट्रिय स्वाधीनताको रक्षा, संघीय जनगणतन्त्र र जनताका जनजीविका लागि अब मुलुकमा नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोहको रूपमा जनयुद्ध प्रकट हुने दावी गर्नुभयो ।

संसदीय व्यवस्था सडेगलेको जनविरोधी र राष्ट्रविरोधी व्यवस्था भएकोले त्यसको विकल्पमा अब संघीय जनगणतन्त्र र लोकतान्त्रिक सरकारको विकल्पमा जनगणतान्त्रिक सरकार वा वैकल्पिक संयुक्त सरकार स्थापनाको दिशामा अब अगाडि बढ्ने सुवर्ण मौका आएको बताउनु भयो । क्रान्तिका लागि स्थिति परिपक्व बन्दै गएको विश्लेषण गर्दै अध्यक्ष गजुरेलले अब नेपालमा जनविद्रोह हुने विश्वास व्यक्त गर्नुभयो । त्यस्तो जनविद्रोह जनयुद्धको जगमा नेपाली विशिष्टतामा आधारित हुने पनि बताउनु भयो ।

पार्टीका स्थायी समिति सदस्य रामसिंह श्रीसले नयाँ जनवादी क्रान्तिका लागि फेरि जनताको युद्ध हुनुपर्ने बताउनु भयो । जनयुद्ध दिवसको अवसरमा आयोजित युवा मार्चपाससहितको सभालाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनु भएको हो ।

नयाँ जनवादी क्रान्तिको मुख्य लक्ष्य उद्देश्य राखेर विगतमा दशवर्षसम्म जनयुद्ध सञ्चालित भएको स्मरण गर्दै नेता श्रीसले भन्नुभयो, "जनयुद्धको उद्देश्य पूरा भएको छैन । मूल नेताहरूबाट धोका र गद्दारी भयो । अब हाम्रो पक्षमा एउटा परिस्थिति तयार हुँदै गएको छ । फेरि जनताको युद्ध बिना नयाँ जनवादी क्रान्ति सम्भव हुँदैन ।"

उहाँले पार्टीले अगाडि सारेको नयाँ जनवादी गणतन्त्रमा आधारित संघीय जनगणतन्त्र प्राप्तिका लागि सबै शोषित उत्पीडित वर्ग र समुदाय एकढिक्का भएर संघर्षमा उत्रनुको विकल्प नरहेकोमा जोड दिनु भयो ।

त्यसैगरी नेकपा (क्रान्तिकारी माओवादी)का नेता तथा सहिद तथा वेपत्ता योद्धा परिवार समाजका संयोजक दिनेश शर्मा सागरले यो चुथ्थो संसदीय व्यवस्थाका लागि सहिदहरूले जनयुद्धमा रगत बगाएको होइन र यो व्यवस्थाको समूल नष्ट गरेर नयाँ जनवादी व्यवस्थामा आधारित संघीय जनगणतन्त्रका लागि रगत बगाएको हो भन्दै सहिद परिवारहरूलाई जनयुद्धका सहिदहरूको बलिदानको मूल्यबोध गर्न आग्रह गर्नुभएको छ । २६ औं जनयुद्ध दिवसको अवसरमा पार्टीको ३ नं. प्रदेशको आयोजनामा गरिएको युवा मार्चपासलाई सम्बोधन गर्दै यस्तो बताउनु भएको हो । नेता शर्माले संसदको पुनर्स्थापना तथा संसदको निर्वाचनको पक्षमा लागेर सहिदहरूको बलिदानको अपमान नगर्न पनि सहिद तथा वेपत्ता योद्धा परिवारलाई आग्रह गर्नुभयो ।

जनयुद्धमाथि भएको धोका र गद्दारीका कारण रक्षात्मक स्थितिमा धकेलिए पनि जनयुद्ध फरक रूपमा फेरि उठ्ने दावी गर्दै नेता शर्माले जनयुद्धको मूल कार्यभारको रूपमा रहेको संघीय जनगणतन्त्र प्राप्तिको दिशामा अगाडि बढ्न पनि सहिद तथा वेपत्ता योद्धा परिवारलाई आग्रह गर्नुभयो ।

मार्चपास तथा सभालाई अखिल नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष ओम गुरुङ, अनेमसंघ (क्रान्तिकारी)की अध्यक्ष अम्बिका मुडभरी, क्रान्तिकारी युवा लिगका अध्यक्ष अमीर महर्जन लगायतका नेताहरूले सम्बोधन गर्नुभएको थियो । पीवीएम पवनमान श्रेष्ठले अध्यक्षता गरेको सभाको सञ्चालन पीवीएम तथा प्रदेश सचिव सुरेश श्रेष्ठले गर्नुभएको थियो । सभामा स्वागत मन्तव्य क्रान्तिकारी युवा लिगका उपाध्यक्ष केशव ढलकोटीले राख्नुभएको थियो ।

सभामा परिणत हुनुपूर्व शान्तिबाटिकाबाट सुरु भएको युवा मार्चपास पुरानो बसपार्क, सहिद गेट सुन्धरा, वायुसेवा निगम, न्यूरोड, विशाल बजार, असन इन्द्रचोक हुँदै पुनः शान्तिबाटिमा आएर सभामा परिणत भएको थियो । क्रान्तिकारी माओवादीले ३ नं. प्रदेशका अधिकांश जिल्लाबाट युवाहरूलाई केन्द्रित गरेको थियो । जनयुद्ध जिन्दावाद, वीर अमर सहिदहरू लालसलाम, नयाँ जनवादी क्रान्ति जारी छ, संसदीय व्यवस्थाको विकल्प संघीय जनगणतन्त्र जस्ता नाराहरू लगाइएका थिए ।

## डबल...

भावना अनुरूप संघीय जनगणत्र स्थापना गर्न बलिदानी संघर्षको खाँचो औल्याउनु भयो ।

त्यसैगरी उक्त कार्यक्रममा पार्टी पोलिट ब्युरो सदस्य एबं प्रदेश इन्चार्ज मीन कुमार राउतले १०बर्से जनयुद्धलाई प्रचण्डले धोका दिएको र प्रतिक्रान्तिकारीको भुमिका निभाएकोले अब अधुरो क्रान्तीलाई पूरा गर्न नयाँ जनबादी क्रान्ती मार्फत संघीय जनगणतन्त्र स्थापना गर्नु पर्ने बताउनु भयो । दलाल र भ्रष्ट संसदीय व्यवस्थालाई तत्काल खारेज गरेर नयाँ जनवादी व्यवस्था स्थातपित गर्ने राम्रो परिस्थिति तयार भएको जिकिर गर्नुभयो । त्यसैगरी उक्त कार्यक्रममा सुनसरी सेक्रेटरी पेमा लामाले स्वागत मन्तब्य दिनु भएको थियो भने शुभकामना मन्तब्य दिनेहरूमा क्रमशः झापा सेक्रेटरी हरि भक्त गौतम,उदयपुरबाट लिल ब.बि.क.,अखिल नेपाल किसान संघ क्रान्तिकारिका हिम मिश्र,अखिल नेपाल जनजाती महासंघका प्रदेश अध्यक्ष गौरब राई, क्रान्तिकारी युवा लिगका रबिन लिम्बू,अखिल नेपाल शिक्षक महासंघका महासचिब उमानाथ ढकाल,क्रान्तिकारी पत्रकार महासंघ प्रदेश संयोजक मधुकर थापा,अखिल नेपाल ट्रेड युनियन महासंघका प्रदेश अध्यक्ष बालकृष्ण बुढाथोकी,अखिल क्रान्तिकारीका डबल काफ्ले,पार्टी के.स.द्वय बिमल र मनोजले बोल्नु भएको थियो ।

प्रदेश सेक्रेटरी सितारामको सभापतित्वमा भएको उक्त कार्यक्रमको संचालन मोरङ सेक्रेटरी बादलले गर्नु भयको थियो ।उक्त जनयुद्ध दिबस कार्यक्रममा मोरङ, सुनसरी, झापा र उदयपुरका प्रदेश तथा जिल्लास्तरका नेता कार्यकर्ताहरूको सहभागिता रहेको थियो ।

जनसभा सुरु हुनु अघि दलाल संसदीय ब्यबस्था मुर्दावाद, संघीय जनगणतन्त्र स्थापना गरौं,लाल गद्दार मुर्दाबाद लगायत गगन भेदी नारा लगाउँदै बिराटनगरका विभिन्न भागमा जुलुस प्रदर्शन गरिएको थियो ।

त्यसैगरी १न प्रदेशको भोजपुरको षडानन्द नगरपालिका (११को झ्याउपोखरिमा मशाल जुलुश र कोणसभा गरियको छ ।उक्त कार्यक्रममा केन्द्रीय सदस्य डिल्ली राम बोहोराले बोल्नु भएको थियो भने खोटाङको सदरमुकाम दिक्तेलमा पनि शुभकामना आदन प्रदान गरिएको कार्यक्रममा केन्द्रीय सदस्य सुनिल पोखेल र केन्द्रिय सल्लाहकार देबी रिजालले जानकारी दिनुभयो । ओखलढुंगामा पनि अन्तरक्रिया कार्यक्रम गरि जनयुद्ध मनाइएको छ ।

## लुम्बिनी...

मनाइएको छ ।

पार्टीले रातो युवा मार्चपाससहित जनयुद्ध दिवस मनाइएको हो । भैरहवाको बुद्धचोकमा आयोजित कार्यक्रममा बोल्दैं पार्टीका पोलिटव्यूरो सदस्य प्रेम सुवेदीले जनयुद्धका अधुरा कामलाई आफुहरूले पुरा गर्नका लागि संघर्षलाई निरन्तरता दिएको बताउनुभयो ।

उहाँले पुष ५ को घट्नाबाट मुलुकमा संकट गहिरिएको भन्दैं निर्वाचन वा संसद पुर्नस्थापनाले समस्याको निकास नदिने जिकिर गर्नुभयो ।

अर्का पोलिटव्यूरो सदस्य धनेश्वर पोखेलले जनयुद्ध पुरा नहुँदैं नेतृत्वले धोका दिएकाले त्यसलाई पुरा गर्न आफुहरू लागिपरेको बताउनुभयो ।

केपी ओलीको राजावादी र प्रचण्डको यथास्थितिवादी सोचबाट मुलुकले निकास पाउंन नसक्ने भन्दैं उनले नयां जनवादी क्रान्ति हुंदैं वैज्ञानिक समाजवादमा जानुपर्नेमा जोड दिनुभयो ।

पार्टीका केन्द्रीय सदस्य पिताम्बर आचार्यले पुरानो सत्ता खारेज गरि नयां राज्य सत्ता स्थापनाका लागि आफुहरू फेरी हतियार उठाउंन पछि नपर्ने चेतावनी दिनुभयो । कार्यक्रममा देशभक्त जनगणतान्त्रिक मोर्चा-नेपालका केन्द्रीय सदस्य टिपु सुल्तान,क्रान्तिकारी युवा लिगका केन्द्रीय सदस्य प्रगति राना,पार्टी,रूपन्देहीका सेक्रेटरी बिनोद मरासिनी,कपिलवस्तुका सेक्रेटरी आकाश लगायतले बोल्दैं विद्धमान प्रतिक्रियावादी राज्यसत्तालाई छिटो अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रम पश्चिम नवलपरासीका सेक्रेटरी छबि खरेलको अध्यक्षतामा सम्पन्न भएको थियो ।

कार्यक्रम पूर्व सो पार्टीले भैरहवाको देवकोटाचोकबाट युवाहरूको रातो मार्चपाससहित ऱ्याली निकाली भैरहवा बजार परिक्रमा पश्यात बर्मेलीटोलको बुद्धचोकमा आएर विरोध सभामा परिणत भएको थियो । त्यस्तै नेपालगंजमा भएको कार्यक्रममा पोलिटब्युरो सदस्य केबी गुरुंगले संसदीय ब्यवस्थाको अबधि पुगेकोले यसलाई धक्का दिनुपर्ने बताउनुभयो ।

त्यस्तै अर्का पोलिटब्युरो सदस्य तथा प्रदेश सेक्रेटरी भुपेन्द्र न्यौपानेले संसदवादीहरूबीच चलेको रोइलोले क्रान्तिकारी पंक्तिलाई उत्साहित बनाएको बताउनुभयो । कार्यक्रममा बाँके बर्दिया ईन्चार्ज तेजबिक्रम शाही बाँके सेक्रेटरी सुरेश वली बर्दिया सेक्रेटरी बिपिन रोका देजमोका केन्द्रीय सदस्य लक्ष्मी चौलागाई, प्रदेश सहसचिव बिक्रम भण्डारीलगायतले मन्तब्य राख्नुभयो ।

दाङमा पनि जनयुद्ध दिबश का अबसरमा सहिदको स्मरण, घाइते बेपत्ता परिवारजन प्रति उच्च सम्मान गर्दै बाकी अधुरो क्रान्ति सम्पन्न गरि सङ्घिय जनगणतन्त्र नेपाल स्थापना गर्न अगाडि बढने सङ्कल्पका साथ जनयुद्धको स्मरण गर्दै घोराहीको ट्राफिक चोकबाट नाराजुलुस गर्दै तुलसीपुर चोकमा सभा सम्पन्न गरि कार्यक्रम समापन गरिएको थियो ।

# घोषणा वक्तव्य

हालै नेकपा (क्रान्तिकारी माओवादी), नेकपा, नेपाल कम्युनिस्ट पार्टी र वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, नेपालको संयुक्त बैठक सम्पन्न भयो । उक्त बैठकका आवश्यक निर्णयहरू यसै वक्तव्यमार्फत् सार्वजनिक गरिएको छ ।

१. हामी चार पार्टीबीचको रणनैतिक संयुक्त मोर्चा निर्माण गर्ने पूर्वसहमतिलाई व्यावहारिक रूप दिन 'रणनैतिक संयुक्त मोर्चाको अवधारणा र संरचना' सम्बन्धी दस्तावेज पारित गर्दै १५ सदस्यीय रणनैतिक संयुक्त मोर्चाको केन्द्रीय समिति गठन गरिएको छ । उक्त केन्द्रीय समितिमा सिपी गजुरेल, रामसिंह श्रीस, पवनमान श्रेष्ठ, सन्तोष बुढा, नवीनकुमार विश्वकर्मा, अज मोहम्मद, ऋषिराम कट्टेल, रामदुलार महतो, राजेश बान्तवा, जागृत रायमाझी, धनकुमारी सुनार र नवीन रिमाल गरी हाललाई १२ सदस्य रहनुभएको छ, बाँकी सदस्यहरू पछि परिपूर्ति गरिनेछ । रणनैतिक संयुक्त मोर्चाको केन्द्रीय समितिको प्रथम बैठकले अध्यक्ष र सचिव चयन गर्नेछ । रणनैतिक संयुक्त मोर्चाको प्रदेश, जिल्ला र आवश्यकताअनुसार स्थानीय तहसम्म नै समितिहरू गठन गर्दै लगिनेछ ।

२. रणनैतिक संयुक्त मोर्चाको पहिलो चरणको संघर्षका कार्यक्रम यस प्रकार तय गरिएको छः
माघ २९ गते मोर्चाको घोषणा सभा - काठमाडौँ
फागुन ६ गते जनसभा - बुटवल, रूपन्देही
फागुन १४ गते जनसभा - धनगढी, कैलाली
फागुन १८ गते जनसभा - इटहरी, सुनसरी
पहिलो चरणका यी कार्यक्रमपछि दोस्रो चरणका संघर्षका कार्यक्रमहरू सार्वजनिक गरिनेछन् ।

३. हामी विभिन्न कम्युनिस्ट पार्टीहरू, वामपन्थी, देशभक्त तथा सच्चा लोकतन्त्रवादी शक्ति र व्यक्तित्वहरूलाई यस रणनैतिक संयुक्त मोर्चामा सामेल हुन आह्वान गर्दै सम्पूर्ण न्यायप्रेमी तथा आमूल परिवर्तनका पक्षधर जनसमुदायलाई जन संघर्षमा लामबद्ध हुन हार्दिक अपिल गर्दछौं ।

*मोहन वैद्य 'किरण'*
*(महासचिव)*
*नेकपा (क्रान्तिकारी माओवादी)*

*विप्लव*
*(महासचिव)*
*नेकपा*

*ऋषिराम कट्टेल*
*(अध्यक्ष)*
*नेपाल कम्युनिस्ट पार्टी*

*आहुति*
*(संयोजक)*
*वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, नेपाल*
*२०७७/१०/२९*

## क्रान्तिकारी माओवादी...

नेपालका सचिवालय सदस्य हिरामणि दुःखीले जनयुद्धको बारेमा चर्चा गर्दै जनयुद्ध थालनी गर्दा हाम्रो सानो शक्ति रहेको त्यो सानो शक्ति ले देशका ८० प्रतिशत भुमि कब्जा गरेको, जनसत्ता, जनसेना, जनअदालत समेत स्थापना गरेको मा सबै उपलब्धि मुख्य नेतृत्वको कारण सबै ढलेका ले अबका दिनमा अन्धभक्त भएर कार्यकर्ता बस्न नहुने कुरा राख्दै सरकारी नेकपा भ्रष्ट तस्कर दलालहरूको संरक्षणमा गर्ने गरेको, जनताका मुद्दा, राष्ट्रियता मुद्दामा, सिमा अतिक्रमणको बारेमा आन्दोलन नभई खाली कुर्सीका लागि गरिएको गुटहरूको दोहोरी भएकाले गुटको स्वार्थका कारण पार्टी मा बिभाजन भएको कुरा बताउदै सँसदिय ब्यबस्थाको भ्रममा नपर्न आग्रह गर्नुभयो ।

अखिल नेपाल महिला संघ(क्रान्तिकारी )का केन्द्रीय सदस्य सुशीला आचार्यले राज्य संबिधान बिपरित काम गरेको,चेलीबेटी बलतकृत भई ज्यान गुमाउन परेको, निर्मला भागिरथि जस्ता सयौं छोरीहरू कहिले सुरक्षित हुने भन्दै तत्काल दोषीलाई कारबाही गर्न माग गर्नुभयो ।

देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल दाङ देउखुरी का अध्यक्ष ईश्वरी प्रसाद गैरेले २६ औ जनयुद्ध दिवसको अबसरमा शुभकामना दिदै शहिदप्रति श्रद्धाञ्जली तथा घाइते अपांग साथीहरू मा उच्च सम्मान ब्यक्त गर्दै जनयुद्धका मुख्य नाईके सिंहदर्वार बदल्न गएको तर मुख्य नाइकेहरूलाई सिंहदर्वारले नेताहरूलाई बदलेर जनताका बिरुद्ध उभ्याएकोले जनयुद्धको उपलब्धि गुमेको कुरा राख्दै जनताको जनबिद्रोहबाट संघिय जनगणतन्त्र स्थापना गरिने बताउनुभयो ।

नेकपा (क्रान्तिकारी माओबादी) सचिवालय सदस्य तिलक बिक ले सञ्चालन गरेको कार्यक्रम को अध्यक्षता पार्टी सेक्रेटरी नरेन्द्र बञ्जाडे ले गर्नुभएको थियो । नेपाल कम्यूनिष्ट पार्टी माओबादी क्रान्तिकारी प्यूठान जिल्ला समिति सरुमारानी गाउपालिकास्थित बङ्गाडा मा २६औ जनयुद्ध दिवस मनाएको छ । दिवसमा पार्टी केस तथा जिल्ला इन्चार्ज टिकाराम पौडेलले सम्बोधन गर्नुभएको थियो ।


**रोयल बुईपा A/C जम्बो हाईस**




**गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म**

**काठमाडौं सम्पर्क नम्बर**
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०

**गाईघाट सम्पर्क नम्बर**
फोन नं. - ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४

**दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।**

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

## आलोपालो

# रणनैतिक संयुक्त मोर्चाको अवधारणा र संरचना

हामी नेपालको कम्युनिस्ट आन्दोलनको क्रान्तिकारी धारालाई अगाडि बढाउँदै आएका नेकपा (क्रान्तिकारी माओवादी), नेकपा, नेपाल कम्युनिस्ट पार्टी र वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, नेपालले नेपाली क्रान्तिलाई सम्पन्न गर्ने गम्भीर जिम्मेवारीबोधका साथ रणनैतिक संयुक्त मोर्चा गठन गरेका छौं । नेपाली समाजको तत्कालीन वा दीर्घकालीन समस्या दलाल तथा प्रतिक्रियावादी संसदीय व्यवस्था र राज्यसत्ताबाट सम्भव छैन, त्यसका लागि क्रान्तिद्वारा जनगणतन्त्र/वैज्ञानिक समाजवादी व्यवस्था निर्माण अनिवार्य छ भन्ने यथार्थप्रति हामी स्पष्ट र दृढ छौं। नेपाली क्रान्तिको यो रणनीति हासिल गर्न कम्युनिस्ट क्रान्तिकारीका अलावा वामपन्थी, देशभक्त र सच्चा लोकतन्त्रवादी शक्ति तथा व्यक्तित्वहरूको पनि अहम् भूमिका रहने हुनाले हामी त्यस्ता शक्ति एवं व्यक्तित्वहरूलाई पनि यस रणनैतिक मोर्चामा सामेल हुन अपिल गर्दछौं । सात दशक लामो नेपालको कम्युनिस्ट आन्दोलनमा रणनीतिक संयुक्त मोर्चा केवल नीतिमा सीमित हुन पुगेको थियो तर आजको वस्तुगत आवश्यकता र कम्युनिस्ट क्रान्तिकारीहरूको सचेत प्रयत्नबाट रणनैतिक संयुक्त मोर्चा व्यवहारमा प्रकट हुन सम्भव भएको छ । यस ऐतिहासिक क्रान्तिकारी प्रयोगमा आइपर्ने सबै खालका अड्चनहरूलाई सिद्धान्तको सिर्जनात्मक प्रयोग र क्रान्तिप्रतिको निष्ठामा आधारित भई समाधान गर्दै अघि बढ्नुपर्ने दायित्वप्रति हामी सचेत छौं ।

***(क) वस्तुगत तथा आत्मगत अवस्था***

१. लामो समयदेखि नेपाली जनता र प्रतिक्रियावादी व्यवस्था तथा राज्यसत्ताका बीचमा सङ्घर्ष चल्दै आएको छ । प्रतिक्रियावादी सत्तामा आमूल परिवर्तन गर्नका लागि कम्युनिस्ट पार्टीको नेतृत्वमा भएका विभिन्न जनसङ्घर्ष र जनआन्दोलनहरू, वि.सं. २००९-२०११ सम्म बारा-पर्सा-रौतहटलगायत स्थानमा भएका किसान आन्दोलनहरू, ऐतिहासिक झापा विद्रोह र महान् जनयुद्धको फलस्वरूप गणतन्त्र र राजनीतिक स्वतन्त्रता जस्ता विषयमा केही मात्रात्मक उपलब्धीहरू त हासिल भएका छन् तर गुणात्मक परिवर्तन र आधारभूत कम्युनिस्ट ध्येय उद्देश्य प्राप्त भएको छैन । त्यसैगरी वि.सं. २०६२/६३ को जनआन्दोलन र मधेसी, महिला, दलित, जनजाति, मुस्लिम आदि समुदायका आन्दोलनहरूले राखेका उद्देश्य र आकांक्षा पनि पूरा भएका छैनन् । नेपालको सार्वभौमसत्ता तथा राष्ट्रिय स्वाधीनतामाथि साम्राज्यवादी शक्तिहरूले निरन्तर गर्दै आएका हस्तक्षेपका विरुद्ध नेपाली जनताले राष्ट्रिय मुक्ति सङ्घर्ष लगातार सञ्चालन गर्दै आएका छन् तर त्यसले पनि पूर्णता पाइसकेको छैन । फलतः आज पनि नेपाल साम्राज्यवादी नवऔपनिवेशिक साङ्लोमा बाँधिएकै अवस्थामा छ। सत्ता र संरचनाको मूल भूमिकामा दलाल पुँजीवाद र दलाल पुँजीपति वर्ग रहन पुगे पनि विभिन्न क्षेत्रमा अवशेषका रूपमा सामन्तवाद पनि जीवन्त छ ।

२. विद्यमान दलाल तथा प्रतिक्रियावादी संसदीय व्यवस्था र राज्यसत्ता नेपाली समाजका आधारभूत समस्या समाधान गर्न असफल भई आर्थिक, राजनीतिक र सांस्कृतिक रूपमा संकटग्रस्त हुन पुगेको छ। व्यवस्थामा उत्पन्न उक्त सङ्कटबाट फाइदा उठाएर गणतन्त्रमाथि नै प्रहार गर्न प्रतिगामी तत्वहरू लागिपरेका छन् भने संकटलाई देश र जनविरोधी हर्कतमार्फत् हल गर्न राजनीतिक प्रतिगमन तथा फासीवादी निरंकुशतातिर कम्युनिस्ट खोलधारी ओली सरकार तीव्र रूपमा अघि बढिरहेको छ। अन्य संसद्वादी पार्टीहरू मध्यावधि चुनाव वा संसदको पुनस्थापनालाई संकटको समाधान बताइरहेका छन् । वस्तुतः आजको राजनीतिक संकट दलाल तथा प्रतिक्रियावादी संसदीय व्यवस्थाको असफलता, दलाल पुँजीपति वर्गका विभिन्न स्वार्थ समूहबीचको टक्कर र बाह्य शक्तिहरूको हस्तक्षेपका कारण उत्पन्न भएको हुनाले विद्यमान व्यवस्थाभित्रैबाट यथास्थितिको पुनरुत्पादन गरेर संकट समाधान सम्भव छैन ।

३. आजको प्रतिगमनलाई परास्त गरी संकटको वास्तविक समाधान अग्रगामी परिवर्तनले मात्र गर्न सक्ने भएकाले कम्युनिस्ट, वामपन्थी, देशभक्त, सच्चा लोकतन्त्रवादी शक्तिहरू तथा व्यक्तित्वहरूले एकताबद्ध भई संकटलाई निकास दिन पहल लिउन् भन्ने जनआकांक्षा आम रूपमा प्रकट हुन पुगेको छ। यस्तो पहल हुँदा आमूल परिवर्तनका पक्षमा आम जनता ध्रुवीकृत हुने प्रबल सम्भावना उत्पन्न भएको छ। साथै क्रान्तिकारी पार्टीहरूलाई रणनैतिक संयुक्त बाँकी ७ पेजमा

# चार कम्युनिष्ट पार्टीहरुको बीच बनेको रणनीतिक संयुक्त मोर्चाको घोषणासभा भव्यताका साथ सम्पन्न













सभाहल कमलादीमा सभ्य तथा भव्यताका साथ सम्पन्न भयो ।

घोषणासभामा ४ दलका नेताहरूले शहीदहरूको रगतमा टेकेर बर्तमान प्रतिक्रियावादी राज्यसत्ता तथा दलाल पूजिपति राज ब्यबस्था फ्याकेर जनताको जनवादी तथा बैज्ञानिक समाजवादी राज्यसत्ता स्थापना गर्ने सामुहिक उद्घोष गरे । विश्व कम्युनिष्ट आन्दोलनको इतिहासमा रणनितिक संयुक्त मोर्चाको अभ्यास पहिलो पटक नेपालमा हुदैछ ।

यो रणनीतिक संयुक्त मोर्चा सच्चा क्रान्तिकारी कम्युनिष्टहरू बीचको पार्टी एकताको प्रारूप पनि हो । यो रणनीतिक संयुक्त मोर्चाको घोषणाबाट अन्य क्रान्तिकारी कम्युनिष्ट तथा देशभक्त शक्तिहरूपनि मोर्चामा आबध्द हुन लामबध्द भएका छन् ।










प्रकाशक : वर्गदृष्टि मिडिया प्रा.लि., प्रबन्ध निर्देशक : हुकुमबहादुर सिंह, सम्पादक : इन्द्रबहादुर राउत, फोटोः जय दाहाल, कार्यालय : काठमाडौं-१०, बुद्धनगर सम्पर्क नं. : ९८५१०७६८६४, ०१-५२६०११२ इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।